जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ८५ • २०८३ साल साउन २८ गते विहीबार (13 August, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## अदालत अगाडि आत्मदाहको प्रयास

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्ला अदालत अगाडि एक मिटरब्याज पीडित महिलाले आत्मदाहको प्रयास गरेकी छन् । जनकपुरधाम उपमहानगरपालिका-४ की फुलकुमारी रजकले बुधबार दिउँसो शरीरमा पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेकी हुन् ।

मिटरब्याज सम्बन्धी मुद्दामा पीडितहरूले अदालत परिसर अगाडि नाराबाजीसहित विरोध प्रदर्शन गरिरहेका बेला मिटरब्याजी पीडित रजकले अचानक पेट्रोल शरीरमा खन्याएकी थिइन् । सुरक्षमा खटिएका प्रहरीले तत्काल हस्तक्षेप गरी उनलाई रोकेपछि सम्भावित दुर्घटनालाई टारिएको थियो ।

रजकले आफूहरूलाई न्याय नदिइएको भन्दै अदालतको फैसलाप्रति आक्रोश व्यक्त गरेकी थिइन । उनले न्यायाधीशले पैसा लिएर साहुलाई छाडेको आरोप लगाउँदै आत्मदाहको प्रयास गरेकी थिइन । यद्यपि, उक्त आरोपको अधिकारिक पुष्टि हुन सकेको छैन ।

यसैबीच, मिटरब्याजसम्बन्धी कसुरमा पक्राउ परेका गोपाल साह, रेखा साह र हरेराम साहविरुद्ध धनुषा जिल्ला अदालतमा बुधबार थुनछेक बहस भइरहेको छ । सोही बहसका क्रममा पीडितहरूले अदालत बाहिर प्रदर्शन गरिरहेका थिए ।

प्रदर्शनका क्रममा आत्मदाहको प्रयास भएपछि अदालत परिसरमा केही समय तनावको अवस्था सिर्जना भएको थियो । प्रहरीले प्रदर्शनकारीलाई नियन्त्रणमा राख्दै अदालत परिसरको सुरक्षा व्यवस्था कडा बनाएको छ ।

मिटरब्याजको समस्या समाधान तथा आफूहरूले न्याय पाउनुपर्ने माग गर्दै पीडितहरूले लामो समयदेखि विभिन्न चरणमा आन्दोलन गर्दै आएका छन् । उनीहरूले ऋणको नाममा साहुबाट भएको कथित शोषण र अन्याय अन्त्य गरी दोषीमाथि कारबाही तथा पीडितलाई न्याय दिन माग गर्दै आएका छन् ।

प्रहरी नियन्त्रणमा रहेका गोपाल साह, हरेराम साह र रेखा साहसहितका साह परिवारले सयौं व्यक्तिलाई ऋण दिए वापत रजिष्ट्रेशन गराएको जग्गा बैंकमा राखेर धितो ऋण र बिक्री गर्ने जस्ता कार्य गरेको आरोप मिटरब्याज पिडीतहरुले आरोप लगाउँदै आएका छन् । पिडीत गोविन्द साहले दिएको जाहेरको आधारमा साह परिवारलाई प्रहरीले पक्राउ गरेको थियो ।

## मधेशमा पनि रेबिज खोप अभाव

# सरकारी स्वास्थ्य संस्थामा खोपको नियमित आपूर्ति नहुँदा विपन्न बिरामी थप मारमा

**टुडे समाचारदाता**

जनकपुरधाम । देशभर रेबिजविरुद्धको खोप (एआरभी) अभाव देखिएको अवस्थामा मधेश प्रदेशका सरकारी स्वास्थ्य संस्थामा पनि यसको असर परेको छ । कुकुर, स्याल तथा अन्य रेबिज शंकास्पद जनावरले टोकेपछि तत्काल लगाउनुपर्ने खोप सरकारी स्वास्थ्य संस्थामा सहज रूपमा उपलब्ध नहुँदा बिरामी निजी स्वास्थ्य संस्था तथा औषधि पसलमा महँगो मूल्य तिरेर खोप लगाउन बाध्य भएका छन् ।

मधेश प्रदेशको प्रमुख सरकारी अस्पताल तथा स्वास्थ्य संस्थामा रेबिज खोपको नियमित आपूर्ति प्रभावित हुँदा विशेषगरी ग्रामीण तथा विपन्न परिवारका बिरामी बढी समस्यामा पर्ने अवस्था देखिएको छ । जनावरले टोकेपछि समयमै खोप लगाउनुपर्ने भए पनि सरकारी संस्थामा खोप नपाउँदा कतिपय बिरामीले उपचारका लागि अर्को जिल्ला वा निजी स्वास्थ्य संस्थामा धाउनुपर्ने बाध्यता छ ।

पर्साको वीरगञ्जस्थित नारायणी अस्पतालमा दैनिक २० देखि ३० जनासम्म रेबिजविरुद्धको खोप लगाउन आउने गरेका छन् । तर अस्पतालले उनीहरूलाई एक महिनादेखि खोप उपलब्ध गराउन नसकेको जनाएको छ । पर्सासहित बारा, रौतहट तथा सीमावर्ती भारतबाट समेत बिरामी रेबिज खोपका लागि नारायणी अस्पताल आउने गरेका छन् ।

अस्पतालका रेबिज फोकल पर्सन प्रह्लाद साहका अनुसार नारायणी अस्पतालमा मासिक करिब ५ सयदेखि ६ सय भाइल खोप खपत हुने गर्छ । यसअघि पनि करिब तीन महिनासम्म खोप अभाव भएको थियो । आपूर्ति भएर आएको खोप सकिएको एक महिना बितिसक्दा पनि नयाँ खोप नआएपछि बिरामीलाई निजी संस्थाबाट खरिद गर्नुपर्ने अवस्था आएको हो । निजी स्वास्थ्य संस्थामा एक भाइल खोपका लागि करिब ६५० रुपैयाँसम्म खर्च हुने गरेको अस्पतालले जनाएको छ ।



विगत नौ महिनासम्म प्रादेशिक अस्पताल जनकपुरमा रेविज खोपको अभाव रहे पनि हाल केही महिनादेखि सो खोपको अभाव नभएको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा सञ्चालित प्रादेशिक अस्पताल जनकपुरका निर्देशक डा. जामुनप्रसाद सिंहले जानकारी दिए ।

मधेशका अन्य जिल्लामा समेत सरकारी स्वास्थ्य संस्थामा खोपको उपलब्धता कमजोर रहेको स्वास्थ्यकर्मीहरू बताउँछन् । संघीय सरकारको खरिद तथा आपूर्ति प्रणालीमा निर्भर रहनुपर्ने अवस्थाका कारण प्रदेश तथा स्थानीय तहले माग गरेअनुसार समयमा खोप पाउन नसकेको समस्या देशका अन्य प्रदेशमा पनि देखिएको छ । यसको प्रत्यक्ष असर मधेशका सरकारी स्वास्थ्य संस्थामा उपचारका लागि पुग्ने बिरामीमा पर्न सक्ने स्वास्थ्यकर्मीहरूको भनाइ छ ।

रेबिजको जोखिमलाई सामान्य रूपमा लिन नहुने चिकित्सकहरू बताउँछन् । संक्रमित जनावरले टोकेपछि घाउको अवस्था र जोखिमअनुसार चिकित्सकको सल्लाहमा तोकिएको समयमा खोपको पूरा मात्रा लगाउनुपर्छ । खोपको एउटा मात्रा छुट्नु वा ढिलो हुनु जोखिमपूर्ण हुन सक्छ । एकपटक रेबिजका लक्षण देखिएपछि रोग प्रायः घातक हुने भएकाले जनावरले टोकेलगत्तै स्वास्थ्य संस्थामा पुगेर चिकित्सकीय परामर्श लिनुपर्ने हुन्छ ।

सरकारी स्वास्थ्य संस्थामा निःशुल्क वा सहुलियतमा उपलब्ध हुने खोप नियमित रूपमा नपाउँदा निजीमा जानुपर्ने अवस्था विशेषगरी न्यून आय भएका परिवारका लागि ठूलो आर्थिक बोझ बन्ने गरेको छ । पूर्ण उपचारका क्रममा एकभन्दा बढी डोज आवश्यक पर्ने भएकाले प्रतिडोज सयौँ रुपैयाँ खर्च हुँदा विपन्न परिवार थप प्रभावित हुन्छन् ।

नेपालले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने रेबिजलाई शून्यमा झार्ने लक्ष्य लिएको छ । तर सरकारी स्वास्थ्य संस्थामै अत्यावश्यक रेबिज खोपको नियमित आपूर्ति प्रभावित भइरहँदा उक्त लक्ष्य हासिल गर्न खोपको पर्याप्त मौज्दात, प्रभावकारी वितरण प्रणाली र स्थानीय तहसम्म सहज पहुँच सुनिश्चित गर्नुपर्ने देखिन्छ । मधेश प्रदेशजस्तो बाक्लो बस्ती र भारतसंगको खुला सीमा जोडिएको प्रदेशमा खोप अभाव लामो समय रहन नदिन सँघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबीच समन्वय गरी तत्काल आपूर्ति व्यवस्थापन गर्नुपर्ने भन्दै नागरिक समाजका अगुवाहरु चिन्तित छन् ।

# राजनीतिक खिचातानीको मारमा स्थानीय गौरवका आयोजना

**टुडे समाचारदाता**

सिरहा । नेतृत्व परिवर्तनसँगै विकास आयोजनाको प्राथमिकता फेरिँदा सिरहाका विभिन्न स्थानीय तहमा निर्माणाधीन महत्वपूर्ण आयोजना अलपत्र परेका छन् । कतिपय आयोजना राजनीतिक खिचातानीका कारण रोकिएको आरोप लागे पनि स्थानीय तहका वर्तमान जनप्रतिनिधिले भने प्रक्रियागत कमजोरी, स्रोत सुनिश्चितताको अभाव र ठेकेदारको ढिलासुस्तीलाई आयोजना रोकिनुको मुख्य कारण बताएका छन् ।



लहान नगरपालिका-१७ स्थित देवीदह पर्यटकीय आयोजना यसको उदाहरण हो । सङ्घीय सरकारको ७० प्रतिशत र लहान नगरपालिकाको ३० प्रतिशत लागत साझेदारीमा आर्थिक वर्ष २०७७/७८ मा रु ६ करोड ९३ लाख बजेट स्वीकृत गरी आयोजना अघि बढाइएको थियो । 'विकास एण्ड बस्नेत कन्स्ट्रक्सन प्रालि'संग सम्झौता भएपछि करिब २० प्रतिशत काम सम्पन्न भए पनि विगत चार वर्षदेखि निर्माण रोकिएको छ ।

बीस बिघा क्षेत्रफलमा फैलिएको देवीदहलाई धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना अन्तर्गत घेराबार, इन्टरलक, बोटिङ, स्वीमिङ पुललगायतका संरचना निर्माण गर्ने लक्ष्य राखिएको थियो । लहान बजारदेखि देवीदहसम्मको करिब नौ किलोमिटर सडक ग्राभेल गर्ने कामसमेत अघि बढेको थियो । तर अहिले पोखरी वरिपरि निर्माणाधीन संरचनाका अवशेष मात्रै देखिन्छन् ।

देवीदह वन उपभोक्ता समितिका अध्यक्ष कपलेश्वर यादवका अनुसार आयोजना पूरा भएको भए देवीदहको स्वरूपमा ठूलो परिवर्तन आउन सक्थ्यो । उहाँका अनुसार सुरुमा सडक निर्माणदेखि पोखरी परिसरका संरचना निर्माणसम्म काम उत्साहजनक रूपमा अघि बढेको थियो ।

लहान-१७ का वडाध्यक्ष प्रथमलाल चौधरीले २०७९ को स्थानीय तह निर्वाचनपछि नयाँ नेतृत्वले पूर्वनगरप्रमुख मुनि साहको पालामा सुरु भएका आयोजनाको सूची तयार गरी नवीकरण र बजेट निकासा रोक्दा देवीदह आयोजना प्रभावित भएको बताउँछन् । उनले संघीय सरकारबाट करिब ८० लाख रुपैयाँ खर्च भइसकेपछि नगरपालिकाले आफ्नो ३० प्रतिशत हिस्सा व्यवस्थापन नगर्दा र निर्माण कम्पनीको भुक्तानी रोकिँदा कम्पनीले काम छाडेको बताए ।

तर लहान नगरपालिकाका मेयर महेशप्रसाद चौधरीले राजनीतिक पूर्वाग्रहका कारण आयोजना रोकिएको आरोप अस्वीकार गरे । उनले विगतमा प्रक्रियागत वैधता, प्राविधिक तयारी र स्रोत सुनिश्चितताबिनै ठूला आयोजना अघि बढाइएकाले पालिकामा वित्तीय जटिलता उत्पन्न भएको बताए । पुराना आयोजनाको प्राविधिक मूल्यांकन, कानुनी प्रक्रिया र स्रोत व्यवस्थापनको अवस्था अध्ययन गरेर मात्रै काम अघि बढाउने उनको भनाइ छ ।

धनगढीमाई नगरपालिकामा पनि बहुवर्षीय आयोजना अलपत्र छन् । तत्कालीन मेयर हरिनारायण चौधरीको कार्यकालमा २०७५ सालमा रु १७ करोड लागतमा १५ शय्याको नगर अस्पताल निर्माण शुरु गरिएको थियो । दुई वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजना नयाँ नेतृत्व आएपछि भुक्तानी रोकिँदा अधुरै रहेको बताइएको छ । अस्पताल अधुरो हुँदा स्थानीयवासी पुरानै जीर्ण स्वास्थ्यचौकीबाट सेवा लिन बाध्य छन् । जनता मावि बेतहा, जनता मावि पूर्वहनुमाननगर, जनता मावि तीनकोनी प्राविधिक विद्यालय र मदन भण्डारी माविका निर्माणाधीन भवनसमेत बजेट अभावमा रोकिएका छन् ।

धनगढीमाई-१० मा भारतीय दूतावासको सहयोगमा निर्माण गरिएको प्राकृतिक अस्पताल पनि सञ्चालनको अन्तिम तयारीमा पुगेर बन्द हुने अवस्थामा रहेको पूर्वनगरप्रमुख हरिनारायण चौधरीको दाबी छ । उनले नयाँ नेतृत्वले पुराना आयोजनाको दायित्व स्वीकार नगर्दा समस्या आएको बताए । धनगढी नगरपालिकाका मेयर शिवशंकर महतो भने स्रोत सुनिश्चितताबिनै प्रक्रिया मिचेर ठेक्का लगाइएका योजनाका कारण कानुनी तथा वित्तीय समस्या आएको बताए ।


गोलबजार नगरपालिकाको नगर भवन पनि लामो समयदेखि अलपत्र छ । तत्कालीन मेयर देवनाथ साहको कार्यकालमा २०७७ सालमा २८ करोड रुपैयाँको लागतमा थालिएको चारतले भवनको ढलान सम्पन्न भइसकेको थियो । अन्तिम चरणमा पुगेको आयोजनाको ठेक्का रद्द भएपछि निर्माण भएको संरचनासमेत संरक्षणको अभावमा जीर्ण बन्दै गएको छ । नगरपालिका भने साँघुरो भवनबाट सेवा दिन बाध्य छ । निर्माण कम्पनीले ठेक्का रद्दविरुद्ध उच्च अदालत पाटनमा रिट दायर गरेको छ ।

गोलबजारका मेयर श्याम श्रेष्ठले ठेकेदारको ढिलासुस्तीका कारण कानुनी प्रक्रियाअनुसार ठेक्का रद्द गरिएको बताए । अदालतमा मुद्दा विचाराधीन रहेकाले नयाँ प्रक्रियाबाट भवन निर्माण अघि बढाउन नसकिएको उनले बताए ।

अर्थशास्त्री धरणीधर अधिकारीको नेतृत्व परिवर्तनसँगै निर्माणाधीन आयोजना रोकिँदा सबैभन्दा ठूलो नोक्सानी करदातालाई हुन्छ । सार्वजनिक रकम खर्च भइसकेपछि त्यसबाट समयमै सेवा उत्पादन हुन नसक्नु सार्वजनिक स्रोतको क्षति भएको उनले बताए । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई अविच्छिन्न उत्तराधिकारवाला संस्था मानेकाले अघिल्लो नेतृत्वले शुरु गरेको भन्दै आयोजना रोक्नु वित्तीय अनुशासन र सार्वजनिक उत्तरदायित्वका दृष्टिले उचित नहुने उनको भनाइ छ ।

लहानका स्थानीय सत्यनारायण चौधरी चुनावसँगै नेतृत्व फेरिए पनि नागरिकको समस्या उस्तै रहने गरेको बताए । राजनीतिक विश्लेषक तथा लेखक राजेश विद्रोहीका अनुसार समस्या व्यक्ति परिवर्तनभन्दा पनि राजनीतिक संस्कृतिमा छ । स्थानीय सरकार व्यक्ति नभइ संस्था भएकाले निर्वाचनले नेतृत्व परिवर्तन गरे पनि राज्यको दायित्व परिवर्तन नहुने उनले बताए ।

निर्माणाधीन आयोजना पूरा नगरी छाड्दा सार्वजनिक लगानी खेर जाने, संरचना जीर्ण हुने र नागरिकले अपेक्षित सेवा नपाउने अवस्था सिर्जना हुन्छ । त्यसैले नेतृत्व परिवर्तनसँगै विकास आयोजनाको निरन्तरता सुनिश्चित गर्न स्पष्ट मापदण्ड, स्रोत व्यवस्थापन र कानुनी प्रक्रियाको पालना आवश्यक देखिन्छ ।



# ‘मिसइन्फर्मेसन’ र ‘डिसइन्फर्मेसन’ले सामाजिक सद्भाव खल्बलिएको महसुस भएको छः प्रहरी महानिरीक्षक कार्की

*नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न र आपराधिक गतिविधि नियन्त्रण गर्न प्रहरी सङ्गठनलाई रणनीतिक ढङ्गबाट परिचालित गरिएको बताउनुभएको छ । उहाँले मुलुकमा समग्रतामा अहिले शान्ति सुरक्षाको स्थिति सामान्य रहे तापनि शान्ति सुरक्षालाई प्रभाव पार्ने र खलल पुर्याउने गतिविधि गर्ने आपराधिक मनोप्रवृत्तिका व्यक्ति यदाकदा सल्बलाएको पाइएको उल्लेख गर्नुभयो । महानिरीक्षक कार्कीले भन्नुभयो, “आपराधिक गतिविधि नियन्त्रण गर्न प्रहरी रणनीतिक किसिमले परिचालित छ, मूलभूत रूपमा नागरिकबीच सुसम्बन्ध र सद्भाव कायम राख्ने विषयलाई ध्यानमा राख्दै शान्ति सुरक्षा खलबल्याएर फाइदा लिन खोज्ने तत्वलाई नियन्त्रण गरिएको छ ।”*

*प्रस्तुत छ, मुलुकको शान्ति सुरक्षा, सुरक्षा सङ्गठनबीचको सहकार्य र समन्वय, सुनसरी घटना र उत्पन्न परिस्थिति, कानुन कार्यान्वयनको अवस्था, देखिएका चुनौती, प्रहरीको व्यवहार, ‘मिसइन्फर्मेसन’ र ‘डिसइन्फर्मेसन’बाट समाजमा परेको असरलगायत समसामयिक विषयमा महानिरीक्षक कार्कीसँग राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी सम्पादक नारायण न्यौपानेले गर्नुभएको अन्तर्वार्ताको सम्पादित अंशः*



**देशमा शान्ति सुव्यवस्था एवं अमनचयन गर्ने जिम्मेवारीमा रहेको नेपाल प्रहरीको प्रमुखका हैसियतले भन्नुपर्दा मुलुकको शान्ति सुरक्षाको अवस्था अहिले कस्तो छ ?**

नेपालको संविधान र प्रचलित ऐन, कानुनको अधिनमा रही नेपाल प्रहरी प्रमुख कानुन कार्यान्वयन गर्ने निकायका रूपमा रहेको छ । मुलुकको आन्तरिक शान्ति सुरक्षा र सार्वजनिक अमनचयन कायम राख्दै विपद् व्यवस्थापन र नागरिकको परिवर्तनको आकाङ्क्षाको विशिष्टलाई समेत मध्यनजर गरी काम गर्दै आएको छ । अहिले समग्रतामा शान्तिसुरक्षाको स्थिति सामान्य छ । यद्यपि, शान्तिसुरक्षालाई प्रभाव पार्ने, खलल पुर्याउने गतिविधि गर्ने आपराधिक प्रवृत्तिका व्यक्ति यदाकदा सल्बलाएको पनि देखिन्छ । त्यस्ता गतिविधि नियन्त्रण गर्न प्रहरी रणनीतिक किसिमले परिचालित छ । मूलभूत रूपमा नागरिकबीच सुसम्बन्ध र सद्भाव कायम राख्ने विषयलाई ध्यानमा राख्दै शान्तिसुरक्षा खल्बल्याएर फाइदा लिन खोज्ने तत्वलाई नियन्त्रण गरिएको छ । मुलुकमा सामाजिक सञ्जालको प्रयोगबाट उत्पन्न हुने ‘मिसइन्फर्मेसन’, ‘डिसइन्फर्मेसन’, ‘डिप-फेक’ र ‘हेट-स्पिच’ले कतै नागरिकका सुसम्बन्ध खलबलिन्छन् कि भन्नेमा पनि प्रहरी त्यत्तिकै सचेत रही आफ्नो जनशक्तिलाई सुविचारित किसिमले परिचालन गरेको छ । शान्तिसुरक्षालाई अझ सुदृढ तुल्याउँदै नागरिकलाई विश्वास, भरोसा र आफ्ना निर्णय सहज रूपमा गर्न सक्ने वातावरण सृजना गर्न प्रहरी अत्यन्त सचेतका साथ अगाडि बढेको छ ।

**तीन तहका सरकार तथा अन्य सुरक्षा निकायसाग प्रहरीको सहकार्य, सहयोग र समन्वय कस्तो रहेको छ ?**

नेपालमा मात्र होइन, संसारभरि नै राज्यका संयन्त्र मजबुत हुनुपर्छ । त्यस्ता संयन्त्रको समन्वयात्मक र साझेदारीपूर्ण क्रियाकलापले शान्तिसुरक्षालाई सुदृढ तुल्याउने हो । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग तथा गृहसहित सरोकारवाला मन्त्रालयका बीचमा नियमित सम्पर्क र समन्वय छ । मुलुकको विशिष्ट अवस्थामा सबै निकायका बीचमा छलफल गरी सुरक्षाका रणनीति तय गर्दै अगाडि बढेका छौँ । समग्रतामा सबै संयन्त्रको समन्वयात्मक परिचालनले नै सुरक्षा व्यवस्था सामान्यीकरण हुँदै आएको छ । आगामी दिनमा पनि प्रधानमन्त्रीज्यूको मार्गदर्शनबमोजिम शान्तिसुरक्षालाई मजबुत बनाउँदै नागरिकलाई राहत दिन र सहजीकरणमा सबै संयन्त्र लाग्नुपर्छ भन्ने भावनालाई आत्मबोध गर्दै सुरक्षा निकाय समन्वयका साथ परिचालित हुनेछ ।

**प्रहरी संयन्त्र कार्यक्षेत्रमा अरोरात्र खटिएको छ, प्रहरीप्रतिको जनविश्वास र भरोसा कायमै छ तैपनि समाजमा हार्दिकता, सहिष्णुता र सामाजिक एकतामा खलल आएको हो कि भन्ने बुझाइप्रति यहाको धारणा के छ ?**

पछिल्लो दशकयता नेपाली समाज समग्रतामा कर्मवादभन्दा भौतिकतातर्फ उन्मुख भएको छ । अहिले भौतिकताका सामाजिक सञ्जालसहित थुप्रै उपयोग गर्ने विषयवस्तु छन् । धेरै मानिसलाई ती प्रविधि सहज रूपमा सित्तैमा प्राप्त भएका हुन् भन्ने लाग्छ । त्यस्ता प्रविधिको प्रयोगबाट सामाजिक सञ्जालमार्फत हुने गलत र भ्रामक सूचनाले विशिष्ट खाले सामाजिक सद्भाव खल्बलिएको महसुस भएको छ । तथापि, समाजको परिवर्तन यहाँमात्रै भएको होइन, संसारका सबै मानिसले नयाँ प्रविधिको प्रयोग गर्दै आएका छन् । सामाजिक सञ्जालको जिम्मेवार प्रयोग गर्नुपर्छ भन्ने विषय विद्यालय तहदेखि नै सुस्पष्ट गर्दै लैजानुपर्छ । समाजलाई सेवावाद, कर्मवाद र हार्दिकतातर्फ लैजान सबै तह र तप्काको उत्तिकै भूमिका रहन्छ । नेपाली समाजलाई सही मार्गमा लैजादै कानुनी शासन स्थापना गर्न प्रहरी अहोरात्र खटिआएको छ । त्यस्ता प्रविधिको प्रयोगबाट हुने खरावीबारे समाजलाई सुसूचित गर्दै नागरिक-समुदाय-प्रहरी साझेदारीमार्फत काम गरिरहेको छ । आगामी दिनमा त्यसखाले गतिविधि न्यूनीकरण हुँदै जाने अपेक्षा छ ।

**सुनसरी घटनाबाट उत्पन्न परिस्थिति र अवाञ्छित गतिविधि देशमा सदाका लागि अन्त्य गर्न के-कसरी काम गर्नुपर्छ भन्ने लाग्छ ?**

नेपाली समाजको मेलमिलापपूर्ण, सद्भावपूर्ण र साझेदारीपूर्ण चरित्रका कारण सुनसरीबाट पश्चिमका जिल्लातर्फ जाँदै गरेको घटनालाई सबै नागरिकको शान्तिप्रतिको कामनाले समयमै स्थगन गर्न सकियो । पछिल्लो समय देखासिकीले हाम्रा आफ्ना मौलिक धार्मिक अनुष्ठानबाट विचलन हुन खोजेको भान हुन्छ । त्यहाँ जुन परिदृश्य देख्यौँ, धार्मिक सद्भाव र नागरिक सुसम्बन्ध नै खल्बलिन्छ कि भन्ने अवस्थालाई न्यूनीकरण गराउन सबैको भूमिका रह्यो । त्यो अत्यन्त महत्त्वपूर्ण विषय हो । नेपाली समाजको चरित्र र संरचनालाई मजबुत बनाउँदै मौलिक पहिचान तथा धार्मिक अनुष्ठानलाई सुदृढ तुल्याई नागरिकबीचको सुसम्बन्धलाई बढाउन सुरक्षा निकायको मात्रै भूमिका हो भन्ठान्नु त्रुटिपूर्ण हुनेछ । राजनीतिक, बौद्धिक र अध्यात्मिक नेतृत्वसँगै सबै तह र तप्काका महानुभावको यसमा उत्तिकै भूमिका रहन्छ । मुलुकलाई सत्मार्ग, विकास, उन्नति, सदाचार र भाइचारातर्फ डोहोर्याउने एउटा महत्त्वपूर्ण कडी राजनीति हो भने दोस्रो मुलुकको संस्कृति हो । राजनीति र संस्कृतिको सदाचारपूर्ण अनुपम सङ्गम बनाउँदा त्यस प्रकारका घटना न्यूनीकरण हुँदै जान्छन् ।

सामाजिक सद्भावलाई खलबल्याउन खोज्नेलाई कानुनी प्रक्रियाद्वारा अधिनमा ल्याउन सुरक्षाकर्मीको भूमिका महत्त्वपूर्ण हुन्छ तर सुरक्षाकर्मीको मात्रै भूमिकाले हुन्छ भन्न मिल्दैन । सुरक्षाकर्मी, राजनीतिक दल र नेताहरु, अध्यात्मिक क्षेत्रका विशिष्ट महानुभाव जसले राष्ट्रलाई शान्त, सुखी, सदाचारपूर्ण र समृद्ध देख्न चाहनुहुन्छ, उहाँहरुबाट भूमिका खेल्नुपर्छ । शान्तिका अग्रदूत गौतम बुद्ध जन्मिएको, शान्तिपूर्ण बहादुर नेपालीको पहिचान भएको, सिर्जनशील नेपालीको विशिष्ट पहिचानको रूपमा तराईदेखि हिमालसम्म फैलिएको नेपालको विशिष्ट पहिचान दिलाउन सबैको उत्तिकै भूमिका हुन्छ । त्यस प्रकारको सदाचारपूर्ण समाज निर्माण विद्यार्थीदेखि शिक्षकसम्म, घरपरिवारदेखि बौद्धिक व्यक्तित्वसम्म, धार्मिक पूजाआजादेखि विशिष्ट महानुभावसम्म, कार्यकर्तादेखि नेतृत्वसम्मले हृदयङ्गम गर्ने विषय हो । त्यसलाई गम्भीरतापूर्वक सबै तह-तप्काकाबाट महसुस गरिए नेपाल शान्ति, विकास, समृद्धिको पथबाट छिटो पाइला चाल्न सक्छ । त्यस कार्यमा शान्ति सुरक्षामा अग्रपङ्क्तिमा खटिने प्रहरीलाई सहज हुन्छ । कानुनले सबैलाई पक्रिएर तथा थुनेर कारबाही गर्नुभन्दा शान्तिपूर्ण समाजमा रही खुशी भएर बाँच्ने अवसर प्रदान गर्छ ।

**पछिल्ला दिनमा कानुन कार्यान्वयन र जनताको जिउधनको सुरक्षामा खटिएका प्रहरीलाई सडकमै गालीगलौज, दुर्व्यवहार र अपमान गरिएको देख्दा संगठन प्रमुखका हैसियतले यस्ता घटनालाई कसरी लिनुभएको छ ?**

संसारभरि नै आइसक्रिम र मःम बेच्ने अथवा मिष्ठान्न स्वादन गराउनेभन्दा प्रहरी पेसा अलि खरो, क्रियाशील र छुच्चो हुन्छ नै । यो पेसाकै विशिष्टता हो । त्यसकारण नेपाल प्रहरीका सकल दर्जा मुलुकको संविधान, ऐन/कानुनको अधीनमा रही आफ्नो भूमिका निर्वाह गर्ने क्रममा बाहिरबाट आउने आक्षेप, लाञ्छना, गालीगलौज व्यक्तिगत रूपमा होइन, नागरिकका असन्तुष्टि प्रस्फुटन हुन् भन्ने कोणबाट बुझ्छन् । तालिममा सिकाइएका ज्ञानका आधारमा निर्वाह गर्नुपर्ने भूमिकाको सन्दर्भमा सकल दर्जाको साझा बुझाइ हुन्छ तर पनि सबैले राम्रो बोली र असल व्यवहार गरिदिए हुन्थ्यो भन्ने चाहिँ लाग्छ । यसमा समाजले बोक्दै गरेका तथा सिर्जना गरेका कतिपय शैली र व्यवहारले असर तुल्याएको हुन्छ ।

असल नियतका साथ काम गरिदासमेत कसैले गाली गर्यो र लाञ्छना लगायो भने दुःखी नबनाउने त होइन, तर त्यसमा दुःख मानेर बसिराख्ने छुट भने प्रहरी, एम्बुलेन्स, अग्नि नियन्त्रक र चिकित्सकजस्तो विशिष्ट पेसाको मान्छेलाई नहुँदोरहेछ । त्यसकारण अत्यावश्यक सेवाका व्यक्तिको हैसियले हामीले हाम्रो पेसा सुरु गर्दा नै स्वाभाविक आउने विषय हुन् भनी त्यस्ता घटनालाई पचाउन कोसिस गर्छौं र पच्छ पनि । त्यस्ता विषय आउँदासमेत विचलित नभई मुलुकको शान्ति सुरक्षामा प्राप्त भूमिकामा खरो हुनुपर्छ भन्ने चेतना र नयाँ अभ्यासका घटना झेल्दाझेल्दै आएका विषय हुन् ।

**महानिरीक्षकज्यू, सडकमा खटिने कतिपय प्रहरीबाट आर्थिक चलखेल हुने तर नागरिकमैत्री बोली व्यवहार भने नहुने भन्ने गुनासोका विषयमा यहााको के भनाइ छ नि ?**

हो, नागरिकको स्पन्दनलाई बुझेर प्रहरीले बोली र व्यवहार गर्नुपर्छ भन्ने बेलायती भनाइ छ । मूलभूत रूपमा प्रहरी सबै नागरिकसँग समान व्यवहार गर्दै, कानुनको समान प्रयोग गर्दै, ‘प्रिन्सिपल अफ इनोसेन्स’ का आधारमा काम गर्दै जाने हो । अर्कातर्फ सरुवा-बढुवा सहज, सहर र पायक पर्ने ठाउँ परोस् भन्ने एउटा मानवीय पक्ष हुनसक्छ । बढुवा व्यक्तिको विशिष्टता र सम्मानको विषय भएकाले स्वभाविक चाहना हुन्छ । सरुवा र बढुवाका अनुकूलताका स्वाभाविक चाहनासँगै प्रहरी नागरिकसँग असल, सबल, सक्षम, विशिष्ट र शिष्ट हुन जरुरी छ । नागरिकले जस्तोसुकै व्यवहार गरे तापनि प्रहरीले असल व्यवहार गर्नुपर्छ भन्ने सिकाइबाट आजसम्म आइपुग्दा थुप्रै परिवर्तन भएको छ ।

**जुनसुकै आन्दोलन वा घटनामा प्रहरीका सकल दर्जाले जोखिम मोलेर अग्रमोर्चामा रही अहोरात्र खटिन परे तापनि त्यस अनुसारको सेवा-सुविधा नपाएपछि पछिल्लो समय राजीनामा दिने बढ्दो प्रवृत्तिलाई कसरी हेर्नुभएको छ ?**

विगतमा नेपालको फौजी अर्थात् सेना र प्रहरीलाई आकर्षक सेवाको रूपमा लिने गरिएकामा पछिल्लो समय यसप्रतिको आकर्षण घटेको भर्नाबाटै स्पष्ट हुन्छ । केही समय मुलुक द्वन्द्वबाट गुज्रनुपरेको र सेवासुविधाको अवस्थाका कारण यो सेवामा आकर्षण पहिला जस्तो छैन । सेवासुविधा, सम्मान, बस्ने, खाने र विसर्जन गर्ने ठाउँ अनुकूल हुनुपर्छ । जोकोहीले पनि आफूलाई अनुकूल हुने ठाउँ खोज्नु भनेको पानीले सतह मिलाएजस्तै हो । हरेक नागरिकले आफूलाई के अनुकूल हुन्छ भन्ने हेर्छ नै । प्रहरी पेसा नभई सेवा र विशिष्ट जीवनशैली भएकाले विशिष्टतामा उसका सामान्य सुविधाका विषय अन्योन्याश्रित भएरै आउँछन् । पहिला समाज मुलुकभित्र सीमित थियो, अहिले विश्वव्यापीकरण भएका कारण देशाटन र तीर्थाटनमा निस्कने, अनि आफ्नो हितलाई मध्यनजर गरी अन्यन्त्र आकर्षक रोजगारीका लागि अवसर प्राप्त हुँदा राजीनामा दिनेजस्ता विषय अस्वाभाविक होइनन् ।

बरु यसमा यसो भन्न सकिएला हामीले तालिम प्रदान गरी क्षमतावान, योग्य, सीपयुक्त र काबिल बनाएका अधिकृत राष्ट्रिय-अन्तरराष्ट्रिय रूपमा नै ‘सेलेबल’ रहेछन् । उनी यहाँमात्रै होइन, अन्तरराष्ट्रिय रूपमा पनि प्रतिस्पर्धाबाट जान सक्दा रहेछन् भनी पहिचान दिने अवस्था पनि हो । सकल दर्जालाई देश र नागरिकमा समर्पित तुल्याएर टिकाइराख्न बिदा, जोखिमपूर्ण भत्ता, बासस्थान, उपयुक्त कार्यालय र समयानुकूल रासनको व्यवस्थाका लागि पहल भइरहेको छ ।

**नेपाल प्रहरीको अझै पनि कतिपय स्थानमा भवन छैन, तत्काले सबै बनाउन आर्थिक स्रोत अभाव छ, पछिल्लो समय स्थानीय तहसाग भवन निर्माणका लागि अनुरोध गरिएको हो ?**

हाम्रो स्वीकृत दरबन्दीका दुई हजार ६६० प्रहरी एकाइ छन् । नागरिकको मागका आधारमा ९७० वटा अस्थायी प्रहरी चौकी स्थापना गरिएको छ । त्यस्ता अस्थायी प्रहरी चौकीका कुनै भवन छैन । स्थायी रूपमा स्वीकृत दरबन्दीका युनिटभित्र पनि आधाभन्दा बढी भवनविहीन छन् । अहिलेको रफ्तार र लगानीले ती सबै प्रहरी एकाइ निर्माण सम्पन्न गर्न झन्डै १०५ वर्ष लाग्नसक्ने प्राविधिकको भनाइ छ । त्यसकारण नागरिकको सेवामा समर्पित प्रहरी दिनभरि ड्युटीबाट खटिएर बेलुकी एउटा छहारीमा कमसेकम अलि ढुक्कले बस्न सकोस् भन्ने हाम्रो अपेक्षा छ । अहिले २८५ वटा भवन अत्यन्त जर्जर, जोखिमपूर्ण, दयनीय भएकाले स्थानीय तहमार्फत ती भवन यथाशीघ्र छिटो बनाउने व्यवस्थान भएमा नागरिकको सुरक्षार्थ अहोरात्र खटिने प्रहरीले उत्प्रेरणा प्राप्त गर्न सक्नेछ । त्यसका लागि सङ्घीय मन्त्रालयले स्थानीय तहसम्म ‘सर्कुलर’ जारी गरेको छ । त्यसलाई स्थानीय तहले साँच्चिकै हाम्रै शान्तिसुरक्षाको लागि आवश्यक प्रहरी भएको महसुस गर्दै ती ठाउँमा आधारभूत संरचना निर्माणको व्यवस्थापन भएमा न्यूनतम् मानवीय सुविधाका व्यवस्थित गर्न उत्प्रेरणा हुनेछ ।

**बदलिादो सुरक्षा चुनौतीबीच प्रहरी प्रशासनलाई जवाफदेही, जनमुखी, पारदर्शी तुल्याई सेवाप्रति सदैव समर्पित बनाउादै मुलुकमा शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा के-कस्ता नीति र कार्यक्रम अघि बढाउादै हुनुहुन्छ ?**

समाज पनि बदलिँदो छ, मानिस पनि बदलिँदो छ, प्रविधि पनि बदलिँदो छ । समाज विश्वव्यापीकरण र भूमण्डलीकृत भएको छ । यी सबैका बीचमा हाम्रा कार्यशैली र सोच पनि त्यत्तिकै परिवर्तन हुनुपर्नेछ । अहिले परम्परागत कार्यशैलीले आधुनिकताको सम्बोधन गर्न सक्दैन । त्यसकारण प्रहरीलाई उत्प्रेरित र स्वचालित रुपमा काम गराउन नयाँ कार्यसम्पादन सूचक तयार गरेर प्रहरी कमान्डरलाई दिएका छौँ । त्यो पूर्वानुमानयोग्य छ । त्यसमा उनीहरूले के काम गरे, कति अङ्क आउँछ भन्ने स्पष्ट हुन्छ । दैनिक मूल्याङ्कन भई मासिक रिपोर्ट कार्ड जान्छ । यसले कमजोर अङ्क ल्याउनेले अर्को महिनामा सुध्रिने प्रण गर्नुपर्ने हुन्छ । राम्रो ल्याउनेले आफ्नो राम्रो स्थितिलाई कायम राख्नुपर्ने हुन्छ । हामीले उत्प्रेरणा र सन्तुलनको दुवै कल्पना गरेका छौँ । त्यसले थुप्रै प्रहरी कर्मचारीलाई परिस्कृत गर्दै लगेको छ ।

अर्कातर्फ प्रविधिको प्रयोग गर्दै नागरिकले प्रहरी कार्यालयसम्म धाउन नपरोस् आफ्ना आवेदन र निवेदन घरबाटै दिन सकियोस् भनी अहिले सफ्टवेयरको विकास गरेर ‘नेपाल पुलिस एप’मार्फत निवेदन दिन सकिने व्यवस्था गरिएको छ । पछिल्लो समय आधुनिक किसिमका अपराध, प्रविधिगत अपराध, आर्थिक अपराध वृद्धि हुँदै गएपछि जनशक्तिलाई त्यसैमा परिचालन गर्नुपर्ने हुँदा त्यस्ता प्राविधिक प्रहरी कर्मचारी थप्न आवश्यक देखिएको छ । त्यस्ता जनशक्तिको क्षमता, चाहना, सीपका आधारमा छनोट गरी कार्यविधि पनि बनाएर राख्ने अर्को जमर्को गरिएको छ । अन्तरराष्ट्रिय रूपमा यहाँ बसेर बाहिर अपराध गर्न सक्ने, बाहिर बसेर यहाँ अपराध गर्न सक्ने हुनाले हाम्रा अन्तरराष्ट्रिय सम्बन्ध र इन्टरपोलको माध्यमले अन्तरराष्ट्रिय सम्बन्ध स्थापित भएको छ । ‘पुलिस-टु-पुलिस’को ‘अन्डरस्ट्यान्डिङ’को माध्यमले पनि अन्तरराष्ट्रिय सम्बन्ध भएको छ । अपराध नियन्त्रण गर्न सिङ्गापुर, कोरिया, भारतका मुलुकसित हाम्रो साझेदारी पनि हुने गरेको छ । अब हामी परम्परागत किसिमले होइन, प्रविधिका साथ काम गर्न जनशक्ति भर्नादेखि माथिल्लो तहसम्म सुधार प्रयासको तयारी गरेका छौँ । रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज मनमा केही अस्थिरता वा चिन्ता रहन सक्छ । |
| वृष : | तपाईको पराक्रम र आत्मबलमा बृद्धि हुनेछ । |
| मिथुन : | आर्थिक दृष्टिकोणले आजको दिन निकै फलदायी रहनेछ । |
| कर्कट : | मानसिक उर्जा र उत्साह भरपुर रहनेछ। |
| सिंह : | खर्चमा केही वृद्धि हुन सक्ने भएकाले बजेट नियन्त्रणमा राख्नुहोला । |
| कन्या : | आम्दानी र लाभका नयाँ स्रोतहरु फेला पर्नेछन् । |
| तुला : | दशम भावना चन्द्रमाको उपस्थिति रहेकाले कार्यक्षेत्रमा ठुलो सफलता र मान-सम्मान प्राप्त हुनेछ । |
| वृश्चिक : | भाग्यको पूर्ण साथ मिल्नेछ । |
| धनु : | यात्राबाट लाभ मिल्न सक्छ । |
| मकर : | व्यापार-व्यवसायमा साझेदारी र लाभको योग छ । |
| कुम्भः | प्रतिस्पर्धा र परीक्षामा सफलता मिल्नेछ । |
| मीनः | बुद्धि र विवेकको सही प्रयोगले रोकिएको काम बन्नेछन् । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# रास्वपा नेता यादवलाई २४ घण्टे अल्टिमेटम

**टुडे समाचारदाता**

रौतहट । सामाजिक सञ्जालमा अभद्र गाली गलौज गर्ने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मधेश प्रदेश समितिले प्रवास नेपाली सम्पर्क विभागका सदस्य रविन्द्र प्रसाद यादवलाई २४ घण्टाभित्र लिखित स्पष्टीकरण पेस गर्न पार्टीले निर्देशन दिएको छ ।



एक नागरिकप्रति अभद्र गालीगलौज, अश्लील तथा अमर्यादित व्यवहार गरेको आरोपमा रौतहट जिल्ला समितिमा परेको उजुरीका आधारमा प्रदेश समितिले यादवलाई स्पष्टीकरण सोधेको हो । गरुडा नगरपालिका घर भएका यादव आगामी स्थानीय तह निर्वाचनमा गरुडा नगरपालिकाको मेयर पदका लागि उम्मेदवारी दिने दाबेदारी गर्दै आएका छन् ।

मधेश प्रदेश कार्यालयले साउन २६ गते यादवलाई पठाएको पत्रमा रौतहट जिल्ला समितिबाट प्रमाणसहित उजुरी प्राप्त भएको उल्लेख छ। प्रदेश महामन्त्री मनिषकुमार साहद्वारा हस्ताक्षरित पत्रमा पार्टीको नीति, सिद्धान्त, विधान तथा आचारसंहिताअनुसार प्रत्येक सदस्यबाट मर्यादित र अनुशासित व्यवहार अपेक्षा गरिने जनाइएको छ ।

यादवमाथि लगाइएको आरोप पुष्टि भएमा त्यसले पार्टीको प्रतिष्ठा तथा संगठनात्मक अनुशासनमा गम्भीर असर पार्न सक्ने भन्दै प्रदेश समितिले घटनाको वास्तविकता स्पष्ट पार्न २४ घण्टाभित्र लिखित जवाफ दिन निर्देशन दिएको छ ।

यादवले आफ्नो संलग्नता वा असंलग्नताबारे स्पष्ट हुने गरी स्पष्टीकरण पेस गर्नुपर्नेछ। तोकिएको समयभित्र चित्तबुझ्दो जवाफ नआएमा वा स्पष्टीकरण सन्तोषजनक नदेखिएमा पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही प्रक्रिया अघि बढाउने चेतावनी प्रदेश समितिले दिएको छ ।

त्यसका लागि सम्बन्धित आयोग तथा केन्द्रीय सचिवालयसमक्ष आवश्यक प्रक्रिया अघि बढाइने पत्रमा उल्लेख छ । छानबिनको प्रक्रिया पूरा नभएसम्म यादवलाई सार्वजनिक अभिव्यक्ति नदिन तथा कुनै पनि संगठनात्मक गतिविधिमा सहभागी नहुन प्रदेश समितिले निर्देशन दिएको हो ।

आगामी स्थानीय निर्वाचनलाई लक्षित गर्दै गरुडा नगरपालिकाको मेयर पदमा आफ्नो दाबेदारी प्रस्तुत गर्दै आएका यादवमाथि पार्टीकै प्रदेश समितिले स्पष्टीकरण मागेपछि उनको राजनीतिक दाबेदारीसमेत थप चर्चामा आएको छ ।

# टेण्डर विज्ञापन लगाइएको रोकमा कारण देखाउ आदेश

**खरिद ऐनमा भएको संसोधनमार्फत पत्रिकामा सूचना तथा विज्ञापन प्रकाशनमा पूर्व प्रतिबन्ध लगाइएको विषय असंवैधानिक भएको, असंवैधानिक संसोधनलाई विकसित मुलुकका सर्वोच्च अदालतहरुले समेत बदर गरिदिएको दृष्टान्त सहित अधिवक्ताद्वय अनन्तराज लुईंटेल र रामप्रसाद पुडासैनीले अन्तरिम आदेशको माग गर्दै रिट निवेदन दायर गरेका थिए ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । पत्रिकामा टेण्डरका विज्ञापन प्रकाशित गर्न निषेध गर्नेगरी गरिएको सार्वजनिक खरिद ऐन २०६३ को संशोधन उपरको रिटमा सर्वोच्च अदालतको संवैधानिक इजलासले सरकारका नाममा कारण देखाउ ओदश जारी भएको छ ।



प्रधानन्यायाधीश मनोज कुमार शर्मा, न्यायाधीशहरु विनोद शर्मा, सारंगा सुवेदी, अब्दुल अजिज मुसलमान र महेश शर्मा पौडेल सहितको पांच सदस्यीय इजलासले सार्वजनिक खरिद ऐनमा संसोधन गर्नु पर्नाको कारण माग गरेको हो ।

इजलासले मुद्दाको विषयवस्तु अन्तिम सुनुवाइको बखतमा नै निर्क्यौल गर्नुपर्ने प्रकृतिको रहेको उल्लेख गर्दै अन्तरिम आदेश भने दिन इन्कार गरेको छ ।

खरिद ऐनमा भएको संसोधनमार्फत पत्रिकामा सूचना तथा विज्ञापन प्रकाशनमा पूर्व प्रतिबन्ध लगाइएको विषय असंवैधानिक भएको, असंवैधानिक संसोधनलाई विकसित मुलुकका सर्वोच्च अदालतहरुले समेत बदर गरिदिएको दृष्टान्त सहित अधिवक्ताद्वय अनन्तराज लुईंटेल र रामप्रसाद पुडासैनीले अन्तरिम आदेशको माग गर्दै रिट निवेदन दायर गरेका थिए । रिटमा यस्तो व्यवस्था अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको मर्मविपरीत रहेको जिकिर गरिएको छ। साथै अन्य मुलुकका सर्वोच्च अदालतहरूले समेत यस्तै प्रकृतिका पूर्वप्रतिबन्धसम्बन्धी कानुनी व्यवस्था बदर गरेका उदाहरण प्रस्तुत गर्दै संशोधन तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश मागिएको थियो ।

रिटमा सार्वजनिक खरिद ऐनको दफा १४(१), ३०(२) र ४०(३) मा गरिएको संशोधनले टेन्डर आह्वानको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुपर्ने व्यवस्था हटाई विद्युतीय खरिद प्रणाली (ई-जीपी) मा मात्रै प्रकाशन गरे पुग्ने प्रावधान ल्याइएको उल्लेख गरिएको थियो । निवेदकहरूले यस्तो व्यवस्था संविधानको धारा १७(२)(क), धारा १९ तथा धारा २७ ले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रता, सञ्चार स्वतन्त्रता र सूचनाको हकसँग बाझिएको जिकिर गरेका थिए ।

रिटमा "अन्य माध्यमबाट प्रकाशन गर्नुपर्ने छैन" भन्ने कानुनी व्यवस्था नै प्रेसमाथिको पूर्वप्रतिबन्ध भएको दाबी गरिएको छ । निवेदकका अनुसार सरकारी खरिदसम्बन्धी सूचना दैनिक पत्रिकामा प्रकाशन हुन बन्द हुँदा आम नागरिकको सूचनामा पहुँच सीमित हुनुका साथै निजी सञ्चारमाध्यमको आर्थिक आधारसमेत कमजोर बनाउने उद्देश्य देखिएको रिटमा भनिएको थियो ।

# अत्यधिक गर्मीले जनजीवन कष्टकर

**टुडे समाचारदाता**

जलेश्वर । गत केही दिनदेखि महोत्तरी सहित तराई मधेशका जिल्लाहरुमा पर्याप्त मनसुनी वर्षा हुन नसक्दा गर्मी अत्यधिक बढेको छ । अत्यधिक बढेको गर्मीले जनजीवन निकै कष्टकर बनेको छ ।

केही दिनयता मध्याह्नको तापक्रम ३८ देखि ४१ डिग्री सेल्सियससम्म पुग्न थालेपछि महोत्तरीसहित मधेश प्रदेशका जिल्लाको जनजीवन प्रभावित भएको छ । सूर्योदयदेखि साँझसम्म चर्को घाम लाग्ने र वर्षा भएलगत्तै पुनः टन्टलापुर घाम लाग्ने क्रमले गर्मी थप बढाएको स्थानीयको भनाइ छ ।

मध्याह्नमा घरबाहिर निस्कनसमेत कठिन हुने गरी गर्मी बढेपछि सर्वसाधारणको दैनिकी प्रभावित भएको छ । छहारीमा बस्दा पनि तर्तरी पसिना आउने र पंखाबाट समेत तातो हावा आउने गरेको उनीहरू बताउँछन् ।

जल तथा मौसम विज्ञान कार्यालय जनकपुरका प्रमुख राजीव झाले मंगलबार जनकपुरधामको अधिकतम तापक्रम ४१ डिग्री सेल्सियस पुगेको बताएका छन् । तापक्रम ४१ डिग्री पुगे पनि महसुस हुने तापक्रम करिब ४८ डिग्री सेल्सियससम्म देखिएको उनले जानकारी दिएका छ्न ।


मधेशमा मनसुन पूर्ण रूपमा सक्रिय नभएका कारण अपेक्षित वर्षा हुन नसकेको र वर्षा रोकिएलगत्तै चर्को घाम लाग्दा वाष्पीकरण बढेर गर्मी थप चर्किएको झाले बताए । उनका अनुसार आगामी दुई दिनसम्म पनि गर्मीको अवस्था यस्तै रहने सम्भावना छ । बुधबार जनकपुरधामको तापक्रम ३९ देखि ४१ डिग्री सेल्सियससम्म पुग्न सक्ने अनुमान गरिएको उनले बताए ।

वातावरण विज्ञ अशोक यादवका अनुसार केही दिनयता तराई-मधेसमा 'लु' अर्थात् तातो हावाको प्रभाव बढेको छ । मधेश प्रदेशका विभिन्न जिल्लामा तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुग्न थालेकाले तातो हावाको जोखिम बढेको उनले बताए । केही दिनअघि सुरु भएको यो अवस्था शुक्रबारसम्म कायम रहने उनको अनुमान छ ।

# शिलान्यासको चार वर्ष बित्दापनि बनेन जैतापुर-रामनगर पुल

**टुडे समाचारदाता**

बारा । बाराको जितपुरसिमरा उपमहानगरपालिका-१७ स्थित जैतापुर र रामनगर जोड्ने पसाहा खोलाको शिलान्यास भएको करिब चार वर्ष पुग्न लाग्दा पनि निर्माण कार्य अघि बढ्न सकेको छैन । पुल निर्माण हुने आशामा बसेका स्थानीय अहिले निराश भएका छन् ।



२०७९ असोज ९ गते तत्कालीन वन तथा वातावरणमन्त्री तथा हालका उपराष्ट्रपति रामसहाय प्रसाद यादवले एकै दिन पसाहा खोलामा जैतापुर-रामनगर र खमुवा-मधुवन जोड्ने दुईवटा पुलको शिलान्यास गर्नुभएको थियो। त्यसमध्ये खमुवा-मधुवन पुल निर्माण सम्पन्न भएर सञ्चालनमा आइसके पनि जैतापुर-रामनगर पुलको काम भने सुरु हुन सकेको छैन ।

सिमरा-कोल्हवी सडकखण्डअन्तर्गत निर्माण हुने उक्त पुलको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भइसकेको र निर्माणस्थलको साइट क्लियर गर्ने कामसमेत गरिएको बताइएको छ ।

शिलान्यासका क्रममा करिब ४० करोड रुपैयाँको लागतमा १६५ मिटर लामो पुल दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने घोषणा गरिएको थियो। उक्त समयसीमा अनुसार काम भएको भए पुल सञ्चालनमा आएको लामो समय भइसक्ने स्थानीयको भनाइ छ ।

वडा नं. १७ का अध्यक्ष भीमबहादुर गन्तानका अनुसार पुल निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाउने क्रममा जनप्रतिनिधि तथा सामाजिक अगुवाको उपस्थितिमा निर्माणस्थलको अनुगमन गरी चारकिल्ला निर्धारण गरिएको छ । नगरपालिकाको अगुवाइमा साइट क्लियर गर्ने कामसमेत भइसकेको उनले बताए ।

तर, पुल निर्माणमा भएको ढिलाइप्रति स्थानीय भने आक्रोशित छन्। रामनगरका स्थानीय नवराज खड्काले तत्कालीन समयमा पर्याप्त तयारी र बजेट सुनिश्चित नगरी चुनावी चर्चाका लागि पुल शिलान्यास गरिएको आरोप लगाए ।

तत्कालीन संघीय सांसद रामबाबु प्रसाद यादवले पनि पुल निर्माणका लागि सरकारले डीपीआर तयार गरिसकेको र बजेट विनियोजन भएको जानकारी त्यसबेला दिएका थिए । पसाहा खोलाले वर्षेनी धार परिवर्तन गर्ने भएकाले करिब ९ सय मिटर क्षेत्रसम्म खोला फैलिएको देखिए पनि करिब दुई सय मिटर आसपासको पुल निर्माण गर्ने गरी प्रक्रिया अघि बढाइएको छैन ।

पुल नहुँदा वडा कार्यालयबाट सेवा लिन जाने एउटै वडाका स्थानीयलाई समेत समस्या हुँदै आएको छ । वर्षायाममा पसाहा खोलामा बाढी, डुबान र हिलोका कारण आवतजावत कठिन हुने गरेको स्थानीय आत्मादेव भट्टराईले बताए । सुख्खायाममा भने बालुवा र धुलोका कारण समस्या हुने गरेको उनको भनाइ छ ।

व्यस्त सडकखण्डमा पुल निर्माण भए स्थानीयको आवतजावत सहज हुनुका साथै वडा कार्यालय तथा अन्य सेवा केन्द्रसम्म पुग्न लामो र जोखिमपूर्ण बाटो प्रयोग गर्नुपर्ने बाध्यता अन्त्य हुने स्थानीयको अपेक्षा छ । तर, वर्षौंअघि गरिएको शिलान्यासपछि पनि निर्माण सुरु नहुँदा स्थानीयको त्यो अपेक्षा निराशामा परिणत भएको छ ।

# किशोरी आफ्नै कोठामा मृत भेटिन्

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको शहीदनगर नगरपालिका-३ यदुकुहामा एक १७ वर्षीया किशोरी आफ्नै घरको कोठामा मृत फेला परेकी छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाले जनाए अनुसार बुधबार बिहान करिब ११:३० बजे पार्वती खत्वे मण्डल आफ्नै घरको कोठामा मृत अवस्थामा फेला परेको हो ।

घटनाबारे जानकारी पाएपछि इलाका प्रहरी कार्यालय यदुकुहाबाट प्रहरी टोली घटनास्थलमा पुगेको थियो । किशोरीको शव घटनास्थलमै रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार घटनाको प्रकृति हेर्दा किशोरीको मृत्यु हत्या वा आत्महत्यामध्ये के कारणले भएको हो भन्ने स्पष्ट भइसकेको छैन ।

घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । प्रहरीले घटनास्थलको मुचुल्का तथा आवश्यक अनुसन्धानपछि मृत्युको वास्तविक कारण खुल्ने जनाएको छ ।

# फरार १५ जना प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

रौतहट । अदालतबाट दोषी ठहर भई लामो समयदेखि फरार रहेका ९ जना प्रतिवादीलाई रौतहट प्रहरीले एकैदिन पक्राउ गरेको छ ।




जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका प्रहरी युनिटबाट खटिएको प्रहरी टोलीले जिल्लाका विभिन्न स्थानमा खोजतलास गरी अदालतबाट फैसला भइसकेका फरार प्रतिवादीलाई पक्राउ गरेका हुन् ।

पक्राउ परेका सबैलाई अदालतले तोकेको कैद तथा जरिवाना असुलीका लागि जिल्ला अदालत रौतहटमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक वसन्त गौतमले जानकारी दिए ।

प्रहरीका अनुसार लागुऔषध तथा आपराधिक उपद्रवसम्बन्धी मुद्दामा पुनम उपाध्यायलाई २ हजार १ सय रुपैयाँ जरिवाना तोकिएको थियो । चेक अनादर मुद्दामा पूजा पराजुलीलाई १ हजार, निर्मला चौधरीलाई ५ सय, रामनरेश साहलाई २ हजार र मोस्ताकिम मियालाई ५ सय रुपैयाँ जरिवाना तोकिएको थियो ।

हातहतियारसम्बन्धी कसुरमा दोषी ठहर भएका बिरेन्द्र राउतलाई ११ महिना १२ दिन कैद सजाय तोकिएको प्रहरीले जनाएको छ । लुटपिट तथा कुटपिट मुद्दामा उमेश साह तेलीलाई १ हजार रुपैयाँ जरिवाना तोकिएको थियो ।

त्यसैगरी, सवारी ज्यान मुद्दामा दोषी ठहर भएका खोभारी साह सोनारलाई ३ वर्ष कैद र ३२ हजार रुपैयाँ जरिवाना तथा शिवमंगल प्रसाद कुशवाहालाई ३ वर्ष कैद र ३० हजार रुपैयाँ जरिवाना तोकिएको थियो ।

प्रहरीका अनुसार पक्राउ परेका ९ जनाको हकमा अदालतबाट कुल ६ वर्ष ११ महिना १२ दिन कैद तथा ६९ हजार १ सय रुपैयाँ जरिवाना तोकिएको छ । अदालतबाट फैसला भइसकेपछि पनि फरार रहेका प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई तीव्रता दिइएको प्रहरीले जनाएको छ ।

फैसला कार्यान्वयनसँगै अदालतबाट तोकिएको कैद तथा जरिवाना असुलीका लागि प्रहरीले फरार प्रतिवादीविरुद्धको अभियानलाई निरन्तरता दिने जनाएको छ ।

त्यस्तै विभिन्न मुद्दामा अदालतबाट सजाय तोकिएपछि फरार रहेका ६ जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले जनाए अनुसार अदालतबाट सजाय फैसला भई फरार रहेका प्रतिवादीहरूको खोजतलास गर्ने क्रममा जिल्लाका विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरिएको हो ।

पक्राउ पर्नेमा सवारी ज्यान मुद्दाका ३ जना, लागुऔषध मुद्दाका १ जना तथा चोरी र डाका मुद्दाका १/१ जना रहेका छन् ।

धनुषा प्रहरीका प्रवक्ता डिएसपी मधुसूदन न्यौपानेका अनुसार पक्राउ परेकामध्ये डाका मुद्दामा सजाय तोकिएका एक प्रतिवादीलाई अदालतले करिब साढे चार वर्ष कैद सजाय फैसला गरेको थियो ।

प्रहरीले अदालतबाट फैसला भई फरार रहेका अन्य प्रतिवादीहरूको समेत खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइरहेको जनाएको छ । पक्राउ परेका सबै ६ जनालाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी जिल्ला अदालत धनुषामा बुझाइएको डीएसपी न्यौपानेले जानकारी दिएका छन् ।

# युवा दिवसमा र्‍याली प्रदर्शन

**टुडे समाचारदाता**

वीरगञ्ज । अन्तर र्‍ाष्ट्रिय युवा दिवस-२०२६ को अवसरमा नेपाल युवा उद्यमी मञ्च (एनवाइइएफ) वीरगन्ज च्याप्टरले विशेष कार्यक्रम आयोजना गरेको छ ।

'लागुऔषधलाई भनौँ नाइँ, सपनालाई भनौँ हो' भन्ने सन्देशसहित बुधबार वीरगन्जमा युवा र्‍याली निकालिएको थियो । र्‍यालीपछि प्रेरणादायी वक्ताहरूको प्रस्तुति, अन्तरक्रियात्मक सत्र तथा सामग्री सिर्जनाकर्ता प्रतियोगितासहित मुख्य कार्यक्रम सम्पन्न भएको हो ।




एनवाइइएफ वीरगन्ज च्याप्टर र सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण हेडक्वार्टर पर्साको संयुक्त आयोजनामा निकालिएको र्‍याली माइस्थान चोकस्थित गहवा माई मन्दिर अगाडिबाट सुरु भएको थियो । र्‍याली गीतामन्दिर हुँदै घडिअर्वा पोखरी पुगेर मुख्य सडक हुँदै सरोवर पोर्टिको होटलमा पुगेर सम्पन्न भएको थियो ।

र्‍यालीमा सहभागी युवाहरूले लागुऔषधविरुद्ध विभिन्न जनचेतनामूलक प्लेकार्ड बोकेका थिए । र्‍यालीले युवालाई लागुऔषधको दुर्व्यसनबाट टाढा राख्दै सकारात्मक सोच, शिक्षा, सिर्जनशीलता तथा भविष्य निर्माणतर्फ अग्रसर हुन आह्वान गरेको थियो । र्‍यालीपछि सरोवर पोर्टिको होटलमा एनवाइइएफ वीरगन्ज च्याप्टरका अध्यक्ष चन्दन सिंहको अध्यक्षतामा मुख्य कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा प्रतिनिधिसभा सदस्य मनिष झा प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए ।

कार्यक्रममा वीरगन्ज पब्लिक कलेजका डा. बासु कर्ण, डा. अरविन्द श्रेष्ठ, डा. नीरज सिंह, वीरगन्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष एवं उद्योगपति गणेश लाठ, डा. सुबोध गुप्ता, युवा नेता सुधीर पटेल, वीरगन्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष माधवराज पाल, भारतीय दूतावास वीरगन्जका मनिष सिंह लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

सो कार्यक्रममा सनलाइट कलेज, ममता विद्यामन्दिर, वीरगन्ज पब्लिक कलेज, ब्राइट प्लस टु कलेज, बीपीएस कलेजलगायत विभिन्न शैक्षिक संस्थाका विद्यार्थीको उल्लेखनीय सहभागिता रहेको थियो ।

यसै अवसरमा आयोजित सामग्री सिर्जनाकर्ता प्रतियोगिता-२०२६ मा पाँच जना सहभागीमध्ये कन्हैया सराफ विजेता बनेका छन् । विजेता सराफलाई नगद ५ हजार १ सय रुपैयाँ, मायाको चिनो तथा प्रमाणपत्र प्रदान गरी सम्मान गरिएको थियो ।

# श्रोत नखुलेको रकमसहित एक पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । स्रोत नखुलेको ५१ लाख ३४ हजार रुपैयाँसहित सर्लाहीको ब्रह्मपुरी गाउँपालिका-२ स्थित राजदेवी मन्दिर अगाडिबाट एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।


जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरी टोलीले भेल्हीबाट बयलबासतर्फ जाँदै गरेको ज १० प ८६५२ नम्बरको स्कुटरलाई चेकजाँच गर्दा उक्त रकम बरामद गरेको हो । स्कुटरको डिकी, अगाडिको खुट्टा राख्ने भाग (फुटबोर्ड) तथा बोकी ल्याएको कालो झोलाभित्र लुकाइछिपाइ राखिएको अवस्थामा स्रोत नखुलेको सो बरामद गरिएको प्रहरीले जनाएको छ ।

बरामद रकममा एक हजार रुपैयाँ दरका तीन हजार ५ सय थान, पाँच सय रुपैयाँ दरका तीन हजार १०८ थान, एक सय रुपैयाँ दरका सात सय थान र ५० रुपैयाँ दरका दुई सय थान नोट रहेका छन्।

नियन्त्रणमा लिने क्रममा स्कुटर अनियन्त्रित भई दुर्घटना हुँदा चालक महोत्तरीको गौशाला नगरपालिका-१२ बस्ने ५७ वर्षीय जगन्नाथ महतो कोइरी घाइते हुनुभएको छ। उहाँको प्रादेशिक अस्पताल मलङ्गवामा सामान्य उपचारपछि थप उपचारका लागि म्याक्स अस्पताल मलङ्गवा लगिएको र हाल अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।



निजलाई नियन्त्रणमा लिने क्रममा जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी सहायक हवल्दार राजेशकुमार यादव र प्रहरी जवान रामचन्द्र यादवसमेत सामान्य घाइते भएको थियो । बरामद रकम, स्कुटर र पक्राउ परेका कोइरीलाई नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अक्षरमा बाँचेका डा. राजेन्द्रप्रसाद विमल

नेपाली तथा मैथिली साहित्यका अग्रणी स्रष्टा, भाषाविद् र शिक्षाविद् डा. राजेन्द्रप्रसाद विमलको निधनले मिथिला-मधेशको साहित्यिक, भाषिक र सांस्कृतिक आकाशमा अपूरणीय रिक्तता सिर्जना भएको छ। जनकपुरधामको माटो, मिथिलाको लोकजीवन र मातृभाषाको आत्मीयतालाई आफ्नो सिर्जनामा जीवन्त बनाउँदै आएका डा. विमल अब भौतिक रूपमा हामीमाझ हुनुहुन्न । तर डा. विमलले छाडेका साहित्यिक योगदान र बौद्धिक विरासतले उनलाई दीर्घकालसम्म जीवित राख्नेछ। डा. विमललाई राजकीय सम्मानका साथ अन्त्येष्टि हुनु केवल एक साहित्यकारप्रतिको सम्मान नभइ नेपाली र मैथिली साहित्यमा उनले पुऱ्याएका योगदानको सार्वजनिक स्वीकारोक्ति पनि हो । अन्तिम श्रद्धाञ्जलीका क्रममा राज्यका प्रतिनिधि, जनप्रतिनिधि, साहित्यकार, बुद्धिजीवी र सर्वसाधारणको उपस्थितिले डा. विमलप्रति समाजको सम्मान र आत्मीयता झल्काएको छ । डा. विमलको साहित्यिक यात्रा किशोरावस्थामै शुरु भएको थियो । 'मिथिला मिहिर'मा सन् १९६३ मा प्रकाशित 'विपतिया' कथाबाट शुरु भएको सिर्जनात्मक यात्राले कथा, कविता, गीत, गजल, नाटक, उपन्यास, समालोचना, बालसाहित्य, अनुवाद र भाषाविज्ञानसम्म व्यापकता पायो । 'ई हमरे कथा थिक', 'इतिहासक घाओ', 'डा. विमलका कथाहरू', 'सरबरिआ गाउँको कथा' र 'फिस्टी रानी' जस्ता कृतिले उहाँको साहित्यिक व्यक्तित्वलाई स्थापित गरेको छ । डा. विमलको लेखनको सबैभन्दा महत्वपूर्ण पक्ष उनको माटोसंगको सम्बन्ध हो। उहाँको सिर्जनामा राष्ट्रप्रेमसंगै मैथिल अस्मिता, मातृभाषाप्रतिको निष्ठा, लोकजीवनको पीडा, प्रेम, वियोग, आक्रोश र विद्रोह मुखरित भएको पाइन्छ। उहाँको रचनामा मिथिलाको सामाजिक यथार्थ, लोकसंस्कृति र जनजीवनका अनेक तह भेटिन्छन् । भाषा र साहित्यको क्षेत्रमा उहाँको योगदान सिर्जनामा मात्र सीमित छैन। मैथिली विकास कोष, जनकपुरधामका संस्थापक अध्यक्षका रूपमा उहाँले मैथिली भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि संस्थागत आधार निर्माण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको छ । भाषा केवल सञ्चारको माध्यम नभइ समुदायको पहिचान र सभ्यताको वाहक हो भन्ने चेतनालाई व्यवहारमा उतार्न उनले निरन्तर योगदान गर्नुभयो। डा. विमल नेपाल विद्यापति भाषा, साहित्य पुरस्कारका पहिलो प्राप्तकर्ता हुनुहुन्छ । गरिमा सम्मान, जगदम्बा सम्मान, राष्ट्रिय प्रतिभा पुरस्कार र सिद्धिश्री पुरस्कारलगायतका सम्मानले उहाँको साहित्यिक योगदानको मूल्यांकन गरिएको छ। तर यस्ता पुरस्कारभन्दा ठूलो उनको योगदान पाठकको मनमा र आगामी पुस्ताका लागि छाडिएको साहित्यिक सम्पदा हो। डा. विमलको निधनलाई एउटा व्यक्तिको अवसानका रूपमा मात्र बुझ्नु पर्याप्त हुँदैन। यो एउटा सक्रिय साहित्यिक युगको अन्त्य पनि हो। उहाँजस्ता स्रष्टाले भाषा, साहित्य र समाजबीचको सम्बन्धलाई बलियो बनाएको छ। आज भाषिक विविधता, स्थानीय संस्कृति र मौलिक पहिचान संरक्षणको बहस चलिरहेका बेला उहाँको जीवन र सिर्जना अझ सान्दर्भिक बन्न पुगेको छ। अब डा. विमलको स्मरणलाई केवल श्रद्धाञ्जली र औपचारिक कार्यक्रममै सीमित गर्नु हुँदैन । उहाँको प्रकाशित तथा अप्रकाशित कृतिको खोज, संरक्षण र पुनःप्रकाशन, उहाँका रचनामाथि अनुसन्धान, साहित्यिक पुरस्कार तथा प्रतिष्ठानको स्थापना र नयाँ पुस्तालाई उहाँको साहित्यसंग जोड्ने प्रयास आवश्यक छ । जनकपुरधाम उपमहानगरपालिकाले गरेको नागरिक अभिनन्दनले देखाएको सम्मानलाई दीर्घकालीन सांस्कृतिक अभियानमा रूपान्तरण गर्न सकिए त्यसले उहाँप्रति सच्चा श्रद्धाञ्जली हुनेछ। डा. राजेन्द्रप्रसाद विमलको शरीर अब हामीमाझ छैन । तर अक्षरमा बाँचेका स्रष्टाहरूको मृत्यु हुँदैन । मिथिलाको माटो, नेपाली-मैथिली साहित्य र मातृभाषाप्रतिको उहाँले आफ्नो निष्ठाको माध्यमबाट कृतिमार्फत बोलिरहनु हुनेछ । उहाँको साहित्य पढिनु, उनको विचारमाथि विमर्श हुनु र उहाँले देखाउनु भएको भाषिक तथा सांस्कृतिक बाटोमा नयाँ पुस्ता अघि बढ्नु नै उनीप्रतिको सबैभन्दा अर्थपूर्ण सम्मान हुनेछ।

# युवा : उमेर होइन, सम्भावनाको नाम हो

## Gen–Z आन्दोलनदेखि युवा नेतृत्वको सरकारसम्म : अब युवाले खोजेको उत्तर के हो ?

आज अन्तर्राष्ट्रिय युवा दिवस । संसारका धेरै देशमा यो दिन युवाको अधिकार, सम्भावना, शिक्षा, रोजगारी र भविष्यबारे कुरा गरिन्छ । नेपालमा पनि हरेक वर्ष युवा दिवस आउँछ, शुभकामना आदानप्रदान हुन्छ, कार्यक्रम हुन्छन् र युवाका लागि सरकारले गरेका कामको चर्चा हुन्छ। तर यसपटकको युवा दिवसलाई केवल एउटा औपचारिक दिवसका रूपमा मनाएर पुग्दैन । किनकि नेपालका युवाले पछिल्ला वर्षमा केवल आफ्नो भविष्यबारे प्रश्न गरेका छैनन्, उनीहरूले राज्य र राजनीतिलाई नै प्रश्न गरेका छन् । यही प्रश्नको एउटा ठूलो अभिव्यक्ति Gen–Z आन्दोलनमा देखियो र त्यसैबाट बनेको नयाँ राजनीतिक परिस्थितिले अन्ततः युवा नेतृत्वको सरकारलाई जन्म दिएको छ।

अब प्रश्न पहिलेको जस्तो छैन । पहिले हामी सोध्थ्यौँ, "युवाका लागि सरकारले के गर्नुपर्छ ?" आज प्रश्न अझ गम्भीर छ, "युवा नेतृत्वमा सरकार बनेपछि युवाका लागि वास्तवमै के परिवर्तन हुँदैछ ?"

नेपालको कानुनले १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मानेको छ। राष्ट्रिय जनगणना २०७८ का तथ्याङ्क हेर्दा नेपालको जनसंख्याको ठूलो हिस्सा यही उत्पादनशील उमेर समूहमा छ। करिब ४२.५ प्रतिशत जनसंख्या युवा उमेर समूहमा हुनु सामान्य कुरा होइन। यो देशका लागि ठूलो अवसर हो। तर अवसर आफैँ उपलब्धिमा बदलिँदैन । खेतमा बीउ धेरै भएर मात्र राम्रो बाली हुँदैन। त्यसलाई पानी, मल, श्रम र उचित मौसम पनि चाहिन्छ। त्यसैगरी युवाको संख्या धेरै भएर मात्र देश समृद्ध हुँदैन। उनीहरूलाई शिक्षा, सीप, रोजगारी, पूँजी र सही वातावरण चाहिन्छ।

आज नेपालको सबैभन्दा ठूलो विडम्बना यही हो । हाम्रो देशमा युवा छन्, तर अवसर पर्याप्त छैन । विश्वविद्यालय छन्, तर पढाइ र रोजगारीबीच दूरी छ। तालिम छन्, तर तालिमपछि काम कहाँ गर्ने भन्ने स्पष्ट छैन । बैंकमा कर्जा छ, तर नयाँ उद्यमीका लागि सहज पहुँच छैन । खेत छ, तर किसानले उत्पादनको उचित मूल्य पाउने सुनिश्चितता छैन । पर्यटनको सम्भावना छ, तर त्यसलाई व्यवसायमा बदल्ने पूर्वाधार र बजार कमजोर छ। र, सबैभन्दा ठूलो कुरा, युवासँग ऊर्जा छ, तर त्यो ऊर्जा प्रयोग गर्ने दिशामा राज्य अझै स्पष्ट देखिँदैन।

यही अवस्थाले नेपाली युवाको एउटा ठूलो हिस्सा विदेशतर्फ धकेलिरहेको छ । आज विदेश जाने युवा सबै देश छाड्न चाहेर गएका होइनन् । धेरैका लागि यो निर्णय अवसर र बाध्यताको बीचमा गरिएको निर्णय हो। नेपालमा आफ्नो योग्यता र श्रमअनुसारको आम्दानी हुने अवस्था नभएपछि युवाले विदेशलाई विकल्प बनाएको हो। विदेशबाट आएको रेमिट्यान्सले घर चल्छ, बालबालिका पढ्छन्, घर बन्छ, ऋण तिरिन्छ र देशको अर्थतन्त्रलाई समेत ठूलो सहयोग पुगेको छ । तर हामीले एउटा प्रश्न पनि सोध्नुपर्छ, यदि देशको उत्पादनशील उमेरको ठूलो जनशक्ति विदेशमा छ भने नेपालभित्र उत्पादन कसले गर्ने हो ?

रेमिट्यान्स हाम्रो अर्थतन्त्रको महत्वपूर्ण आधार त बनेको छ । तर विदेशमा नेपाली युवाले पसिना बगाएर कमाएको पैसा नेपालमा मुख्यतः उपभोग र आयातमै खर्च भइरह्यो भने त्यसले हाम्रो वर्तमान त धान्ला, भविष्य बनाउँदैन । विदेशबाट आएको पैसाले घर बनाउन सकिन्छ, तर उद्योग बनाउन सकिएन भने रोजगारी सिर्जना हुँदैन । विदेशबाट आएको पैसाले गाडी किन्न सकिन्छ, तर उत्पादनमूलक क्षेत्रमा लगानी भएन भने अर्को पुस्तालाई पनि विदेशकै बाटो देखाउनुपर्ने हुन्छ।

त्यसैले आज सरकारको प्राथमिकता "युवा विदेश नजाऊ" भन्ने हुनु हुँदैन । युवालाई विदेश जानबाट रोक्न सकिँदैन, रोक्नु पनि हुँदैन । मानिसलाई आफ्नो भविष्यका लागि अवसर खोज्ने अधिकार छ। राज्यले गर्नुपर्ने काम भनेको नेपालमै पनि भविष्य बनाउन सकिन्छ भन्ने विश्वास र आधार निर्माण गर्नु हो।

यही असन्तुष्टिको राजनीतिक अभिव्यक्ति पछिल्लो Gen–Z आन्दोलनमा देखियो। सामाजिक सञ्जालमाथिको प्रतिबन्ध तत्कालीन कारणका रूपमा अगाडि आए पनि आन्दोलनको असन्तुष्टि त्यसभन्दा गहिरो थियो। युवाको प्रश्न केवल एउटा एप चलाउन पाउने कि नपाउने भन्ने थिएन। प्रश्न थियो, राज्यले हामीलाई कति सुन्छ ? राजनीतिक नेतृत्व हामीप्रति कति जवाफदेही छ ? अवसर किन पहुँचका आधारमा बाँडिन्छ ? भ्रष्टाचार र शक्तिको दुरुपयोग किन सामान्यजस्तो देखिन्छ ? पढेर पनि भविष्यका लागि विदेश जानुपर्ने अवस्था किन आउँछ ?

त्यसैले Gen–Z आन्दोलनलाई एउटा पुस्ताको क्षणिक आक्रोश मात्र भनेर बुझ्नु उचित हुँदैन । यो लामो समयदेखि जम्मा हुँदै आएको निराशाको विस्फोट थियो। आन्दोलनले नेपालको राजनीतिलाई एउटा स्पष्ट सन्देश दियो, नयाँ पुस्ता अब केवल चुनावमा मत हाल्ने पुस्ता भएर बस्न तयार छैन । ऊ प्रश्न गर्न चाहन्छ, निर्णय प्रक्रियामा सहभागी हुन चाहन्छ र आफूले भोगिरहेको समस्याको समाधान हेर्न चाहन्छ।

त्यसपछि नेपालको राजनीतिमा आएको परिवर्तनले बालेन्द्र शाहलाई प्रधानमन्त्रीको जिम्मेवारीमा पुऱ्यायो। युवा पुस्तामाझ स्थापित छवि भएका बालेनको प्रधानमन्त्री बन्नु आफैँमा एउटा महत्वपूर्ण राजनीतिक संकेत थियो । लामो समयदेखि शासनमा रहेको पुस्ताको ठाउँमा तुलनात्मक रूपमा युवा नेतृत्व आउनु पुस्तान्तरणको संकेत हो । तर यहाँबाट एउटा ठूलो भ्रमबाट बच्नुपर्छ।

प्रधानमन्त्री युवा हुँदैमा सरकार युवामैत्री हुँदैन।

युवा हुनु एउटा उमेर हो । युवामैत्री हुनु एउटा नीति हो। युवा नेतृत्व हुनु एउटा राजनीतिक पहिचान हो। युवाको भविष्य बदल्ने नीति बनाउनु शासनको परीक्षा हो।


क्षितिज विक्रम खनाल

> सडकबाट सरकारसम्म पुगेको युवा ऊर्जा अब विद्यालयदेखि उद्योग, कृषि, प्रविधि, पर्यटन र उद्यमसम्म पुग्नुपर्छ। आक्रोश उत्पादनमा, निराशा सिर्जनामा, वि देशको अनुभव स्वदेशी लगानीमा र रेमिटयान्स पूँजी निर्माणमा बदलिनुपर्छ।
> **यही रूपान्तरणबाट मात्र युवाको आन्दोलन वास्तविक राष्ट्रिय परिवर्तनमा बदलिन्छ।**

त्यसैले अब बालेन सरकारको मूल्याङ्कन प्रधानमन्त्री कति वर्षका छन् भनेर होइन, नेपाली युवाको जीवनमा के परिवर्तन आयो भनेर हुनुपर्छ।

सरकारले रोजगार, सीप र उद्यमशीलतालाई एकीकृत रूपमा अघि बढाउने दिशामा केही महत्वपूर्ण पहल गरेको छ । "रोजगार, सीप तथा उद्यमशीलतासम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि-२०८३" यसको एउटा उदाहरण हो। विगतमा तालिम एउटा ठाउँमा, रोजगारीको सूचना अर्को ठाउँमा र कर्जाको व्यवस्था अर्को निकायमा हुने समस्या थियो। एउटा युवाले सीप सिकेपछि काम खोज्न फेरि अर्को कार्यालय धाउनुपर्ने, व्यवसाय गर्न खोजेपछि कर्जा र बजारको छुट्टाछुट्टै खोजी गर्नुपर्ने अवस्था थियो। यी सेवाहरूलाई एउटै प्रणालीमा जोड्ने प्रयास सही दिशातर्फको कदम हो।

तर एउटा कार्यविधि बनेर मात्र युवाको जीवन बदलिँदैन। अन्ततः प्रश्न यही हो, त्यसबाट कति युवाले काम पाए ? कति युवाले व्यवसाय सुरु गरे ? सुरु गरेका व्यवसायमध्ये कति टिके ? कति युवाको आम्दानी बढ्यो ? यी प्रश्नको जवाफ तथ्याङ्कले दिनुपर्छ।

युवा स्वरोजगारका नाममा नेपालमा यसअघि पनि धेरै कार्यक्रम आए । ऋण बाँडियो, तालिम दिइयो, अनुदान दिइयो । तर सबैभन्दा महत्वपूर्ण कुरा हामीले कहिल्यै गम्भीरतापूर्वक मापन गरेनौँ, ती कार्यक्रमबाट कति सफल उद्यमी जन्मिए ? कति व्यवसाय पाँच वर्षपछि पनि टिकिरहेका छन् ? कति युवाले अरूलाई समेत रोजगारी दिए ?

अब नयाँ सरकारले त्यही पुरानो बाटो दोहोर्याउनु हुँदैन । युवालाई केवल ऋण दिने होइन, ऋणसँगै सीप, परामर्श, बजार र प्रविधि दिनुपर्छ। एउटा युवाले व्यवसाय सुरु गर्दा सरकारी कार्यालयले उसलाई कागजको फाइल होइन, व्यवसायको यात्रामा आवश्यक सहयोग दिनुपर्छ।

उदाहरणका लागि, कुनै युवाले कृषि व्यवसाय गर्न चाहन्छ भने उसलाई कर्जा दिएर मात्र जिम्मेवारी पूरा हुँदैन । उसलाई कुन उत्पादन बजारमा जान्छ, कति उत्पादन गर्ने, कहाँ बेच्ने, कसरी प्रशोधन गर्ने र कसरी ब्रान्ड बनाउने भन्ने ज्ञान र बजार पनि चाहिन्छ। होटल वा पर्यटन व्यवसाय गर्न चाहने युवालाई पनि ऋणसँगै व्यवस्थापन, डिजिटल मार्केटिङ र बजार पहुँच चाहिन्छ। प्रविधिमा काम गर्न चाहने युवालाई सीपसँगै अन्तर्राष्ट्रिय बजार र भुक्तानी प्रणाली चाहिन्छ।

यही कारणले अब नेपालको युवा नीति "सरकारले के दिने ?" भन्ने प्रश्नमा होइन, "युवाले के सिर्जना गर्न सक्छ ?" भन्ने प्रश्नमा आधारित हुनुपर्छ।

विदेशबाट फर्किएका युवाका विषयमा पनि नयाँ सोच आवश्यक छ। विदेशबाट फर्किएको युवालाई हामी प्रायः रोजगारी गुमाएर फर्किएको व्यक्तिका रूपमा हेर्छौं। वास्तवमा ऊ अनुभव लिएर फर्किएको हो । उसले विदेशमा मेसिन चलाएको हुन सक्छ, होटल व्यवस्थापन सिकेको हुन सक्छ, निर्माण क्षेत्रमा काम गरेको हुन सक्छ, कृषि प्रविधि बुझेको हुन सक्छ वा अन्तर्राष्ट्रिय कम्पनीको कार्यसंस्कृति देखेको हुन सक्छ।

त्यसैले सरकारले विदेशबाट फर्किएका युवाको सीप र अनुभवको व्यवस्थित अभिलेख राख्नुपर्छ । Returnee Youth Database बनाउन सकिन्छ। विदेशमा उसले के सिक्यो, कति वर्ष काम गऱ्यो, नेपालमा के गर्न चाहन्छ र कति लगानी गर्न सक्छ भन्ने विवरण राखेर त्यस्ता युवालाई स्थानीय उद्योग र व्यवसायसँग जोड्न सकिन्छ । विदेशमा बगेको श्रमलाई नेपालमा उत्पादनमा बदल्ने हो भने यही बाटो महत्वपूर्ण हुन सक्छ।

युवा नीति रोजगारीमा मात्र सीमित हुनु पनि हुँदैन। Gen–Z पुस्ताले सुशासन र जवाफदेहिता पनि मागेको छ । एउटा युवा जागिर पाएर मात्र सन्तुष्ट हुँदैन, उसले राज्य निष्पक्ष छ कि छैन भन्ने पनि हेर्छ। उसको साथी योग्यता भएर पनि अवसर नपाएर राजनीतिक पहुँच भएका मानिस अघि बढेको देख्छ भने उसमा निराशा पैदा हुन्छ । त्यसैले योग्यताको सम्मान, पारदर्शी नियुक्ति, भ्रष्टाचार नियन्त्रण र सार्वजनिक संस्थामाथिको विश्वास निर्माण पनि युवामैत्री राज्यका आधार हुन्।

राजनीतिमा पनि यही कुरा लागू हुन्छ। विगतमा युवालाई राजनीतिक दलहरूले धेरैजसो चुनावको समयमा सम्झिए । जुलुसमा भीड चाहियो, युवा चाहियो। प्रचार गर्न युवा चाहियो। तर नीति बनाउने ठाउँमा युवा कति पुगे ? निर्णय गर्ने ठाउँमा कति पुगे ? यो प्रश्न अझै बाँकी छ।

Gen–Z आन्दोलनले यही संस्कारमाथि प्रश्न गरेको हो । त्यसैले नयाँ सरकारले युवालाई केवल मन्त्री वा सांसद बनाउने होइन, नीति निर्माणको प्रक्रियामा वास्तविक साझेदार बनाउनुपर्छ । शिक्षा, रोजगारी, प्रविधि, पर्यटन, कृषि, वातावरण र डिजिटल अर्थतन्त्रका नीतिमा युवा विज्ञ र उद्यमीको प्रत्यक्ष सहभागिता हुनुपर्छ।

अझ महत्वपूर्ण कुरा, अब सरकारका हरेक ठूला कार्यक्रमको परिणाम मापन हुनुपर्छ। युवा कार्यक्रमका लागि बजेट छुट्याउनु उपलब्धि होइन । त्यस बजेटबाट कति रोजगारी सिर्जना भयो भन्ने उपलब्धि हो। तालिममा कति युवा सहभागी भए भन्ने होइन, तालिमपछि कति युवाले आम्दानी गर्न थाले भन्ने प्रश्न हो। कति ऋण वितरण भयो भन्ने होइन, कति उद्यम टिके भन्ने प्रश्न हो।

यही ठाउँमा बालेन सरकारसँग जनताको अपेक्षा अरू सरकारभन्दा बढी छ । किनकि यो सरकार केवल चुनावी प्रक्रियाबाट आएको सरकार मात्र होइन, परिवर्तनको तीव्र आकांक्षाबाट बनेको सरकार पनि हो। Gen–Z आन्दोलनले जुन आशा जगायो, त्यसको राजनीतिक जिम्मेवारी अब नयाँ नेतृत्वको काँधमा छ।

यदि नयाँ नेतृत्वले पनि पुरानै शैलीमा भाषण गर्ने, कार्यक्रम घोषणा गर्ने तर परिणाम नदिने हो भने निराशा अझ गहिरो हुनेछ । नयाँ पुस्ताले अनुहार परिवर्तन मात्र खोजेको होइन, शासन गर्ने संस्कार परिवर्तन खोजेको हो।

अबको युवा नीति कस्तो हुनुपर्छ भन्ने कुरा धेरै जटिल छैन । युवालाई बजारमा बिक्ने सीप चाहिन्छ। सीपलाई रोजगारीसँग जोड्नुपर्छ। रोजगारी नपाउनेलाई उद्यमको अवसर दिनुपर्छ। उद्यम गर्नेलाई पूँजी र बजार दिनुपर्छ । विदेशबाट फर्किनेलाई अनुभवअनुसार अवसर दिनुपर्छ । नेपालमै बसेर विश्व बजारमा काम गर्न चाहनेलाई डिजिटल पूर्वाधार दिनुपर्छ। र सबैभन्दा माथि, राज्यले योग्यता र मेहनतको सम्मान गर्छ भन्ने विश्वास दिनुपर्छ।

अन्ततः युवा भनेको उमेरको एउटा कोटि मात्र होइन । युवा एउटा मानसिकता पनि हो । नयाँ कुरा सोच्ने, प्रश्न गर्ने, जोखिम लिन सक्ने र असम्भवजस्तो देखिएको कुरालाई सम्भव बनाउन खोज्ने ऊर्जा हो।

हाम्रो देशको दुर्भाग्य के हो भने हामीसँग युवा धेरै छन्, तर उनीहरूलाई प्रयोग गर्ने दृष्टि कमजोर छ र हाम्रो सौभाग्य के हुन सक्छ भने यही युवा शक्ति अझै समाप्त भएको छैन । उसमा ऊर्जा छ, सिक्ने इच्छा छ, संसार बुझ्ने क्षमता छ र देश बदल्न सकिन्छ भन्ने विश्वास पनि छ।

Gen–Z आन्दोलन त्यसैको एउटा प्रमाण थियो । अब आन्दोलनको ऊर्जा कहाँ जाने भन्ने प्रश्न छ । सडकबाट सरकारसम्म पुगेको यो ऊर्जा अब विद्यालय, विश्वविद्यालय, उद्योग, कृषि, प्रविधि, पर्यटन र उद्यममा पुग्नुपर्छ । आक्रोश उत्पादनमा बदलिनुपर्छ । निराशा सिर्जनामा बदलिनुपर्छ । विदेशको अनुभव नेपालमा लगानीमा बदलिनुपर्छ । रेमिट्यान्स पूँजी निर्माणमा बदलिनुपर्छ।त्यसपछि मात्र हामी भन्न सक्छौँ, नेपालमा केही बदलिँदैछ।

बालेन सरकारसँग अहिले एउटा ऐतिहासिक अवसर छ । युवाले सडकमा उठाएको प्रश्नलाई राज्यको नीतिमा बदल्ने अवसर । तर इतिहासले सरकारलाई अवसर मात्र दिँदैन, हिसाब पनि माग्छ।

केही वर्षपछि प्रश्न हुनेछ, त्यो युवा नेतृत्वको सरकारले युवाका लागि के गऱ्यो ?

त्यसको उत्तर भाषणमा होइन, तथ्याङ्कमा देखिनुपर्छ।


कति युवा नेपालमै रोजगारीमा छन् ? कति नयाँ उद्यम जन्मिए ? कति उद्यम टिके ? कति विदेशबाट फर्किए ? कति युवाले नेपालबाट विश्व बजारमा सेवा निर्यात गरे ? कति युवाको आम्दानी बढ्यो ? कति युवाले राज्यप्रति विश्वास गर्न थाले ? यी प्रश्नको उत्तर सकारात्मक हुँदै गयो भने न्भल-श आन्दोलन केवल एउटा राजनीतिक घटना हुनेछैन । त्यो नेपालको पुस्तान्तरणको सुरुवात हुनेछ।

किनकि सडकमा उठेको युवा आवाजको अन्तिम गन्तव्य सत्ता होइन, परिवर्तन हो। र सत्तामा पुगेको युवा नेतृत्वको अन्तिम परीक्षा भाषण होइन, परिणाम हो।

युवालाई रोक्ने होइन, अवसर दिने राज्य बनोस्। युवालाई प्रयोग गर्ने होइन, विश्वास गर्ने राजनीति बनोस् । युवालाई ऋणमा बाँध्ने होइन, उद्यममा उभ्याउने नीति बनोस् । र विदेश जानुपर्ने बाध्यता होइन, नेपालमै भविष्य देख्ने वातावरण बनोस्।

त्यस दिन मात्र युवा दिवसको शुभकामना वास्तविक अर्थमा सार्थक हुनेछ।

# धनुषाको पर्यटनमा मिथिला कलाको महत्व


सुदर्शन लाल कर्ण

मिथिलामा मिथिला कला को सामाजिक, सांस्कृतिक र धार्मिक महत्व युगौं देखि रहेको कुरा सर्वविदितै छ।

मिथिला कला विभिन्न नामले बुझिन्छ, चिनिन्छ । मिथिला पेन्टिङ, मधुवनी पेन्टिङ, जनकपुर लोकचित्र र मिथिला कला। जुन नामले सम्बोधन गरे पनि यो मूलरुपमा मिथिला चित्र नै हो।

यस मिथिला चित्रकलाको निकै पुरानो परम्परा छ। र यो कला मूल रूपमा नारी वर्गसंग सम्बद्ध रहिआएको छ । यस कलाको संस्थागत विकास भएपछि पुरुषवर्गको सहभागिता रहेको देखिएको छ।

यो चित्र परम्परागत रूपमा धार्मिक अनुष्ठान र लोकाचारमा आधारित छ । मिथिला क्षेत्रको जन समाजमा मुण्डन, उपनयन, द्विरागमनजस्ता लोकाचार र देवोत्थान, भातृद्वितिया, दीपावाली, मधुश्रावनी, आदिमा अंकित गर्ने परम्प्रा रहिआएको छ।

शुरुमा यसको अकन प्रक्रिया र रंग योजना परम्परागत थियो । वासको कप्टेरोमा रुवा लप्टेर अनौठो कुची वा पुराना लुगा र रुवाले नै वत्ती कुचीको ठाउँमा व्यवहार गरिन्थ्यो । तर अहिले अपवाद स्वरुप बाहेक बजारमा पाइने ब्रस र रंगले नै चित्र बनाइन्छ।

यस परम्परागत मिथिला चित्रको शुरुवात कहिले भयो यसमा इतिहासकारमा केही भिन्नता देखिएता पनि मूल रुपमा यसको धार्मिकतामा कसैलाई दुई मत नहोला । भनिन्छ, जब अवध( अयोध्या) बाट मिथिलामा श्रीरामको जन्ती आयो त्यतिबेला मिथिलाका राजा शीरध्वज जनक(सीताका बुवा) को दरबारको चारैतिर यो चित्रकलाले पर्खालहरु सुसज्जित थियो । यो हाम्रो मिथिलाको धार्मिक विश्वास रहिआएको छ। यसबाट के बुझिन्छ कि त्रेतायुगदेखि नै यस कलाको शुरुवात भएको थियो । हुन त मिथिला चित्रकला र आधुनिक चित्रकलाको बनोटमा धेरै फरक छ। आजसम्म यस मिथिला चित्रकलाको मौलिकता र विशेषतामा कुनै फरक आएको छैन। सुन १९६८ भन्दा पहिलेसम्म यो मिथिलाको महत्वपूर्ण चित्रकला मिथिलासम्म सीमित थियो। भनिन्छ मिथिलाको एउटा सपूत ललित नारायण मिश्रलाई यस कलाको जानकारी थियो। वहाँले नै यस कलाबारे मिथिला क्षेत्र बाहिर यसको चर्चा गर्नु भयो। यसरी विश्वका कलाप्रेमी यस मिथिला कला प्रति ध्यानाकर्षण भयो।



मिथिला क्षेत्र दुई देशमा रहेको कुरा सर्वविदित नै हो। भारतको उत्तरी विहार र नेपालको दक्षिणी पूर्वी भाग। यी दुई क्षेत्रमा मिथिलाका कलाकार हरुको कलाप्रतिको समर्पण नै आज विश्वको सामू यस कलाको महत्व बढाएको छ।

यसरी मिथिला आर्टको संस्थागत विकासको कुरा भारतको बिहार राज्यको मिथिला क्षेत्रमा संस्थागत विवाह पहिले भएको देखिएको छ।

यस कलाको प्रवर्द्धनको लागि पहिलो पटक सन् १९६६ मा भारतका तत्कालीन केन्द्रीय मन्त्री ललितनारायण मिश्रले विदेशीलाई बोलाएर यस कला बारे परिचित गराएका हुन् । अतः यस कलाको संस्थागत सन् १९८३ को जुलाई महिनामा मधुवनीलाई केन्द्र बनाइ सेल्फ इम्प्लोइमेन्ट वुमन्स् एसोसिएसन सेवा स्थापना भयो।

नेपालको जनकपुरधाममा सन् १९८९ देखि संस्थागत विकास भएको यस महान् कार्यमा भाषाविद् र संस्कृतिविद् डा. राजेन्द्र विमल र अमेरिकन महिला नागरिक क्लेयर वर्केटको सहयोग देखिन्छ । जनकपुरमा महिला विकास केन्द्र(नारी विकास केन्द्र) को यसरी स्थापना सन् १९८९ मा भयो।

यस जनकपुर नारी विकास केन्द्रमा धनुषा र महोत्तरीका विभिन्न जातजातीका महिला कलाकार हरुको ठूलो योगदान छ । म पनि पारिवारिक र व्यक्तिगत रुपमा यस नारी विकास केन्द्रको नजिक भएकोले योगदान दिनेहरु मध्येका केही महिलाहरुको नाम सम्झी रहेको छु । यी महिलाहरुको देशभरि मिथिलाकला कलाको माध्यमबाट देशमा प्रचारप्रसार गर्नमा ठूलो योगदान छ।

मिथिला क्षेत्र(नेपाल-भारतमा) मिथिलाको संस्थागत विकास भए देखि संसारका विभिन्न देश जापान, अमेरिका, फ्रान्स, जर्मनी आदि देशका पर्यटकहरुको यस कला प्रति आकर्षण बढेको हो।

आज जनकपुर र यसका वरिपरि विभिन्न आर्ट गैलरी भएको देखिन्छ। यी गैलरीमा पर्यटक आउँछन् र आर्टहरु खरीद गर्छन् । यो कलाको संस्थागत विकासको परिणाम नै हो । म आफै पर्यटन क्षेत्रमा ३७ वर्षदेखि छु। उनीहरुसंग कुरा हुँदा मिथिला आर्ट किनेर जाने भनि सुन्दा खुशी लाग्नु स्वाभाविक नै हो।

अतः मिथिला कलाको पर्यट क्षेत्रमा निकै नै महत्व रहेको देखिन्छ।

# परिपक्व कूटनीतितर्फ प्रधानमन्त्री शाह: भारत र चीनसँग व्यावहारिक संवाद

**टुडे समाचारदाता**

काठमाण्डु । वर्तमान सरकारको नेतृत्व गरेपछि विदेशी राजदूतहरूसँग सामूहिक भेटवार्तालाई प्राथमिकता दिँदै आउनुभएका प्रधानमन्त्री वालेन्द्र शाहले अन्ततः नेपालका दुई ठूला छिमेकी भारत र चीनका राजदूतसँग बेग्लाबेग्लै भेटवार्ता गर्नुभएको छ। सोमबार भारतीय राजदूत नवीन श्रीवास्तव र चिनियाँ राजदूत चाङ माओमिङसँग सिंहदरबारमा भएका छुट्टाछुट्टै भेटवार्ताले प्रधानमन्त्री शाहको परिपक्व कूटनीति सञ्चालन र व्यावहारिक संवादमा जोड दिएको सङ्केत गरेको छ।

सरकारको नेतृत्व गरेलगत्तै प्रधानमन्त्री शाहले विदेशी राजदूत तथा कूटनीतिक नियोगका प्रमुखसँग व्यक्तिगत भेटवार्ताभन्दा सामूहिक संवादलाई प्राथमिकता दिनुभएको थियो । गत वैशाखमा उहाँले नेपालमा रहेका विभिन्न मुलुकका राजदूत तथा कूटनीतिक नियोगका प्रमुखसँग सामूहिक भेटवार्ता गर्नुभएको थियो । त्यसबाट उहाँले व्यक्तिगत भेटभन्दा संस्थागत प्रक्रिया र कूटनीतिक 'प्रोटोकल'लाई प्राथमिकता दिन खोजेको सन्देश गएको थियो।

प्रधानमन्त्री शाहको यो शैलीले सुरुआती चरणमै राजनीतिक तथा कूटनीतिक वृत्तमा बहस निम्त्याएको थियो । यही अवधिमा भारतीय विदेशसचिव विक्रम मिस्रीको नेपाल भ्रमण स्थगित भएको विषयले पनि चर्चा पायो। विदेशसचिव मिस्रीको जेठ २८ गतेदेखि दुईदिने नेपाल भ्रमण निर्धारण भए पनि अन्तिम समयमा स्थगित भएको थियो । भ्रमण स्थगित हुनुको स्पष्ट आधिकारिक कारण सार्वजनिक भएन । यद्यपि केही स्रोतले प्रधानमन्त्री शाहसँगको भेटको अनिश्चिततालाई कारणका रूपमा उल्लेख गरे पनि त्यसलाई आधिकारिक रूपमा पुष्टि गरिएको छैन।

यस पृष्ठभूमिमा प्रधानमन्त्री शाहले भारत र चीनका राजदूतसँग बेग्लाबेग्लै भेटवार्ता गर्नु सामान्य शिष्टाचार भेटभन्दा बढी अर्थपूर्ण देखिन्छ । यसले उहाँले प्रोटोकल र संस्थागत प्रक्रियालाई पूर्णतः त्याग्नुभएको नभई प्रत्यक्ष राजनीतिक संवादको व्यावहारिक आवश्यकतालाई



समेत स्वीकार गर्न थालेको सङ्केत गरेको छ। यसलाई आफ्नो पूर्वअडानबाट पछि हटेको भन्दा पनि बदलिँदो परिस्थितिअनुसार कूटनीतिक व्यवहारलाई अझ व्यावहारिक र परिणाममुखी बनाउने प्रयासका रूपमा हेर्नुपर्छ।

कूटनीति औपचारिक पत्राचार, मन्त्रालयगत संयन्त्र र निर्धारित प्रोटोकलमा मात्र सीमित हुँदैन। राजनीतिक नेतृत्व र विदेशी प्रतिनिधिबीचको प्रत्यक्ष संवादले विश्वास निर्माण गर्न, प्राथमिकता बुझ्न र पारस्परिक हितका क्षेत्रमा सहकार्यका सम्भावना पहिचान गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । कूटनीतिमा के भनिन्छ भन्ने मात्र होइन, कसरी र कुन परिवेशमा भनिन्छ भन्ने कुराले पनि अर्थ राख्छ।

भारतीय राजदूत श्रीवास्तवसँगको भेट प्रधानमन्त्री बनेपछि प्रधानमन्त्री शाहले गर्नुभएको पहिलो एकल विदेशी राजदूत भेटवार्ता थियो। भेटमा प्रधानमन्त्री शाहले नेपाल-भारतको ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउनुपर्ने तथा साझा हितका क्षेत्रमा मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो । राजदूत श्रीवास्तवले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको शुभकामना प्रधानमन्त्री शाहसमक्ष प्रस्तुत गर्दै दुई देशबीचको बहुआयामिक साझेदारीलाई अझ सघन बनाउने विषयमा छलफल भएको बताउनुभएको छ।

सोही दिन प्रधानमन्त्री शाहले चिनियाँ राजदूत चाङ माओमिङसँग पनि एकल भेटवार्ता गर्नुभयो। प्रधानमन्त्रीको सचिवालयका अनुसार भेटमा नेपाल-चीन सम्बन्धलाई अझ सुदृढ बनाउने, विभिन्न क्षेत्रमा सहकार्य विस्तार गर्ने तथा विकास साझेदारीलाई अघि बढाउने विषयमा छलफल भएको थियो।

एकैदिन भारत र चीनका राजदूतसँग प्रधानमन्त्रीले छुट्टाछुट्टै भेटवार्ता गर्नुको कूटनीतिक सन्देश पनि महत्वपूर्ण छ। यसबाट नेपालले एउटा छिमेकीसँगको सम्बन्धलाई अर्को छिमेकीसँगको सम्बन्धको चस्माबाट नभई दुवैसँग स्वतन्त्र रूपमा अघि बढाउन चाहेको देखाउँछ।

सरकारले अघि सारेको स्वतन्त्र परराष्ट्र नीतिको दृष्टिकोण पनि यही हो। नेपालले भारत र चीनसँगको दीर्घकालीन द्विपक्षीय सम्बन्धलाई सार्वभौम समानता, पारस्परिक सम्मान, पारस्परिक लाभ तथा एकअर्काका जायज चासो र सरोकारप्रति संवेदनशीलताका आधारमा स्वतन्त्र रूपमा सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गर्दै आएको छ।

नेपालका लागि भारत र चीनसँगको सम्बन्ध केवल भूराजनीतिक विषयमात्र होइन । यो मुलुकको आर्थिक रूपान्तरणसँग पनि प्रत्यक्ष रूपमा जोडिएको छ। भारत र चीन विश्वका ठूला तथा तीव्रगतिमा बढिरहेका अर्थतन्त्रमध्ये भएकाले दुवैको विकासलाई नेपालले व्यापार विस्तार, लगानी आकर्षण, सम्पर्क सञ्जाल विस्तार, पर्यटन प्रवर्द्धन तथा आर्थिक सहकार्यका अवसरका रूपमा लिएको छ। साथै, आर्थिक कूटनीतिलाई नेपालको परराष्ट्र नीतिको महत्त्वपूर्ण आधार बनाइएको छ। व्यापार, लगानी, प्रविधि हस्तान्तरण, पर्यटन, शिक्षा र नवप्रवर्तनमार्फत नेपालको विकासमा बाह्य सम्बन्धलाई उपयोग गर्ने नीति अघि सारिएको छ।

भारत र चीनबीच अवस्थित नेपालको भौगोलिक अवस्थालाई पनि सरकारले आर्थिक अवसरका रूपमा लिएको छ । नेपाललाई भूपरिवेष्टित मुलुकबाट चीन र दक्षिण एसियाबीचको गतिशील 'पुल'का रूपमा विकास गर्ने आकाङ्क्षा अघि सारिएको छ। सीमापार यातायात तथा डिजिटल सम्पर्क, व्यापार सहजीकरण तथा वस्तु, सेवा, लगानी, प्रविधि र ज्ञानको सहज आवागमन त्यसको महत्वपूर्ण पक्ष हो।

उपर्युक्त पृष्ठभूमिमा भारत र चीन दुवैसँग अर्थपूर्ण संवाद कायम राख्नु कूटनीतिक शिष्टाचारको विषयमात्र होइन, नेपालको विकास आवश्यकतासँग पनि जोडिएको विषय हो । भारतसँग व्यापार, ऊर्जा, पर्यटन, पूर्वाधार तथा सीमापार सम्पर्कका क्षेत्रमा सहकार्यका महत्त्वपूर्ण सम्भावना छन् भने चीनसँग पूर्वाधार, व्यापार, लगानी, पर्यटन, प्रविधि तथा विकास सहकार्यका क्षेत्रमा अवसर छन्।

प्रधानमन्त्री शाह नेतृत्वको सरकारका प्राथमिकता एउटा छिमेकी रोज्नु नभई दुवैसँग प्रभावकारी रूपमा सम्बन्ध सुदृढ बनाउनु हो । त्यस क्रममा नेपालको कूटनीतिक स्वायत्तता कायम राख्दै द्विपक्षीय सम्बन्धबाट ठोस राष्ट्रिय लाभ हासिल गर्नु मुख्य विषय हुनेछ। अब आगामी चरण अझ महत्त्वपूर्ण हुनेछ। भारत र चीनसँगको पछिल्लो प्रत्यक्ष संवादलाई व्यापार, लगानी, ऊर्जा, सम्पर्क, प्रविधि र विकास सहकार्यका क्षेत्रमा ठोस उपलब्धिमा रूपान्तरण गर्नु आजको आवश्यकता हो । प्रधानमन्त्री शाहको परिपक्व कूटनीतिक कार्यशैलीले मुलुकको चौतर्फी विकासको औजार आर्थिक कूटनीतिलाई अझ प्रभावकारी बनाउन महत्त्वपूर्ण आधार तयार हुने विश्वास गरिएको छ।

दुई ठूला शक्तिराष्ट्रबीच रहेको नेपालका लागि कूटनीतिक एकाकीपन सम्भव विकल्प होइन । त्यस्तै एउटा छिमेकीसँग अत्यधिक निकटता कायम गरेर अर्कोलाई टाढा राख्नु पनि दीर्घकालीन हितमा हुँदैन । दुवैसँग आत्मविश्वासका साथ संवाद गर्ने, आफ्नो कूटनीतिक स्वायत्तता कायम राख्ने, दुवैका जायज चासोलाई सम्मान गर्ने र भारत तथा चीनसँगका सम्बन्धलाई नेपालको राष्ट्रिय हित तथा दीर्घकालीन विकाससँग जोड्ने नीति नै नेपालको व्यावहारिक मार्ग हुनसक्छ। यस दिशामा प्रधानमन्त्री शाह अग्रसर हुनुभएको भारत र चीनका राजदूतसँगको भेटले पुनःपुष्टि गरेको छ। रासस

# 'सरकारले युवाको विश्वासलाई आत्मसात् गर्दै काम गरिरहेको छ'



**टुडे समाचारदाता**

काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालले जेनजी आन्दोलनपछि बनेको सरकारले युवाको विश्वासलाई आत्मसात् गर्दै काम गरिरहेको बताएका छन्।

बुधबार परराष्ट्र मन्त्रालयको समर फेलोसिप तथा इन्टर्नसिप कार्यक्रम-२०२६ को 'रिसर्च डिसिमिनेसन एन्ड क्लोजिङ' कार्यक्रममा बोल्दै मन्त्री खनालले युवालाई विश्वास जित्ने गरी काम गरिरहेको बताए। परराष्ट्र मन्त्रालयको पहलमा सुरु भएको समर फेलोसिप तथा इन्टर्नसिप कार्यक्रम-२०२६ परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान (आईएफए)ले आयोजना गरेको छ।

मन्त्री खनालले नेपालको परराष्ट्रनीति सुदृढ बनाउन अनुसन्धान, प्रमाणमा आधारित विश्लेषण र सूचित सार्वजनिक बहसको महत्त्वपूर्ण भूमिका रहेको बताए। उनले युवा अनुसन्धानकर्तालाई बदलिँदो अन्तर्राष्ट्रिय घटनाक्रमको अध्ययन गर्दै नेपालको कूटनीतिक अभ्यास तथा नीति निर्माणमा योगदान गर्न आग्रह गरे।

राजनीतिमा आउनुअघि आफूले विद्यालय तहको सार्वजनिक शिक्षाको क्षेत्रमा समेत काम गरेको मन्त्री खनालले सुनाए । नेपाली युवाले ज्ञान उत्पादन गर्ने र त्यसले नीति निर्माणमा सहयोग पुग्ने उनको विश्वास थियो।

कार्यक्रममा अन्तर्राष्ट्रिय युवा दिवसको शुभकामना दिँदै सरकार युवासँग सहकार्य गरेर अघि बढिरहेको उनले बताए। 'म परराष्ट्र मन्त्रालयमा आएपछि युवाहरूसँग सहकार्य गर्नका लागि यो कार्यक्रम अघि ल्याइएको हो,' उनले भने।

मन्त्री खनालले समर फेलोसिप तथा इन्टर्नसिप कार्यक्रमले जलवायु परिवर्तन, श्रम आप्रवासन, कृत्रिम बौद्धिकता (एआई), प्रविधिलगायत विभिन्न क्षेत्रलाई समेटेको जानकारी दिए।

सो कार्यक्रममा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान (आईएफए) की कार्यकारी निर्देशक रोजिना ताम्राकारले स्वागत मन्तव्य दिँदै कार्यक्रमले युवा अनुसन्धानकर्ता तथा पेशाकर्मीलाई कूटनीति र परराष्ट्र नीतिको व्यावहारिक अनुभव प्रदान गर्नुका साथै शैक्षिक अनुसन्धान र नीतिगत अभ्यासबीच सम्बन्ध स्थापित गर्न सहयोग पुगेको बताइन्। उनले अनुसन्धानबाट प्राप्त निष्कर्षलाई उपयोगी र कार्यान्वयनयोग्य नीतिगत स्रोतका रूपमा विकास गर्नुपर्नेमा जोड दिइन्।

जुन महिनाको मध्यदेखि अगस्टको मध्यसम्म सञ्चालन भएको आठ हप्ते स्वैच्छिक नीति अनुसन्धान कार्यक्रममा १० जना फेलो र १० जना इन्टर्न सहभागी थिए। सो कार्यक्रममा सहभागीहरूले रणनीतिक मामिला तथा सार्वजनिक अन्तर्राष्ट्रिय कानुन, विकास तथा वित्त, प्रविधि, स्वच्छ ऊर्जा र नेपाली डायस्पोरालगायत पाँच विषयगत क्षेत्रमा नीतिमुखी अनुसन्धान गरेका थिए।

# एमाले–नेकपा गठबन्धनमा मिसियो मसाल



**टुडे समाचरादाता**

लुम्बिनी । लुम्बिनी प्रदेशमा नयाँ सत्ता समीकरण निर्माणका लागि नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र नेपाल कम्युनिस्ट पार्टी (मसाल) बीच सहमति भएको छ । तीन दलका शीर्ष नेताबीच भएको छलफलपछि बुधबार लिखित सहमति गरिएको छ।

सहमति पत्रमा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ' प्रचण्ड' र नेकपा (मसाल)का महामन्त्री मोहनविक्रम सिंहले हस्ताक्षर गरेका छन्।

तीन दलबीच भएको सहमतिको पहिलो बुँदामा लुम्बिनी प्रदेश सरकार गठन र सो प्रदेशका विकास निर्माणका कार्यमा सहकार्य गर्ने उल्लेख छ। यससँगै लुम्बिनीमा एमाले-नेकपाले मसाललाई पनि भित्र्याउने भएका छन्।

सहमतिको दोस्रो बुँदामा भने राष्ट्रिय स्वाधीनता, संविधान र गणतन्त्रको पक्षमा तथा प्रतिगमनका विरुद्ध आन्दोलनमा सहकार्य गर्ने उल्लेख छ। यसले राष्ट्रिय राजनीतिक मुद्दा जोडिएको ओलीको सचिवालय प्रमुख निरू पालले बताइन्।

'प्रदेश सरकारसँगै अन्य आन्दोलनका विषयमा समेत सहकार्य भएको छ। तीन शीर्ष नेताहरू बसेर समझदारी गर्नुभएको हो' उनले भनिन् । एमाले र नेपाली कम्युनिष्ट पार्टीबीच प्रदेश सरकारमा सहकार्य गर्ने लिखित सहमति यसअघि नै भएको थियो। एमाले अध्यक्ष ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक प्रचण्डले प्रदेश सरकारमा सहकार्य गर्ने विषयमा लिखित सहमति गरेका थिए। पछिल्लो सहमतिले भने त्यसमा नेकपा (मसाल)लाई समेत जोडेको छ।

लुम्बिनीमा एमाले, नेकपा र जसपालाई बहुमतका १ सीट पुग्दै जुन मसालसँग छ। तीन दलबीचको पछिल्लो सहमतिले लुम्बिनीमा सरकार गठनका लागि आवश्यक राजनीतिक आधार थप बलियो बनाउने र स्थानीय तहको निर्वाचनमा समेत केही क्षेत्रमा सहकार्य हुनसक्ने एमाले केन्द्रीय सदस्य सूर्य थापा बताउँछन्।

पहिलो बुँदामै सरकार गठन र विकास निर्माणका काममा सहकार्य गर्ने उल्लेख भएकाले नयाँ गठबन्धनले सरकार बनेपछि विकास आयोजनालाई अघि बढाउने विषयलाई राजनीतिक सहकार्यको आधार बनाएको राजमोका कार्यकारी अध्यक्ष रश्मीराज नेपाली बताउँछन्।

एमाले-नेकपा गठबन्धनमा थपिएका मसालका महामन्त्री सिंह लामो समयदेखि कम्युनिस्ट आन्दोलनमा सक्रिय नेता हुन्। उनी प्रचण्डका समेत राजनीतिक गुरू मानिन्छन् । पछिल्लो समय पनि सिंहले संविधान र राजनीतिक परिवर्तनको रक्षा तथा प्रतिगमनको विरोधलाई राजनीतिक एजेन्डाका रूपमा उठाउँदै आएका छन्।

सहमतिको दोस्रो बुँदामा राष्ट्रिय स्वाधीनता, संविधान र गणतन्त्रको पक्षमा सहकार्य गर्ने प्रतिबद्धता जनाइएकाले तीन दलबीचको समझदारी केवल लुम्बिनी प्रदेश सरकार गठनमा सीमित नरहने संकेत गरेको छ। सहमति पत्रमा प्रतिगमनका विरुद्ध आन्दोलनमा समेत सहकार्य गर्ने उल्लेख छ।

यसअघि एमाले अध्यक्ष केपी ओलीले संसद विघटन गरेपछि प्रचण्ड, माधव नेपाल, मोहनविक्रम सिंहसहितका दलहरू मिलेर एमालेको निर्णय प्रतिगमन भन्दै आन्दोलन गरेका थिए। अहिले सबै एकै मोर्चामा सहभागी भएका छन्।

# 'जगभन्दा ठूलो पार्टी बन्यो, कहिलेकाहीँ सोच्न बाध्य हुन्छु'

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सभापति रवि लामिछानेले आफ्नो पार्टीको जग कमजोर र संरचना ठूलो भएको स्वीकारोक्ति गरेका छन्। अब यसलाई सुरक्षित राख्न र बलियो बनाउन टेको दिने र अड्याउने जिम्मेवारी आफूहरुको काँधमा रहेको उनले बताए।

बुधबार अन्तर राष्ट्रिय युवा दिवसका अवसरमा आयोजित कार्यक्रममा लामिछानेले रास्वपाको जग




बलियो हुनुअघि नै संरचना ठूलो बनेको टिप्पणी गरेका हुन्।

उनले भने, 'जग बलियो नबनाइकन हामीले स्ट्रक्चर बलियो बनाएर हुँदैन। कहिलेकाहीँ जग बनिरहँदाखेरि स्ट्रक्चर कस्तो बन्दैछ, भन्ने थाहा पाउन गाह्रो हुन्छ। रास्वपाको बलियो स्ट्रक्चरभन्दा पहिले धेरै तल्लाको पार्टी बनेको हो, मैले आज यहाँ स्वीकार्नै पर्छ। तर युवाको चाहना यही थियो। परिवर्तन एकदमै जरुरी भएको थियो र विकल्पका रूपमा हामीलाई जनताले आशा र भरोसाका रूपमा हेरेका थिए। त्यसकारणले हाम्रो जग बन्नुभन्दा पनि ठुलो र हाम्रो जगले धान्नुभन्दा पनि ठूलो आकारको पार्टी बन्यो कि भनेर म कहिलेकाहीँ सोच्न बाध्य हुन्छु। तर बनिसकेपछि यसलाई सुरक्षित ढंगले कहाँबाट टेको दिनुपर्छ, कहाँ-कहाँबाट अड्याउनुपर्छ, त्यसका लागि भने हामी तयार हुनुपर्ने हुन्छ।'

सभापति लामिछानेले युवा नेतृत्वका लागि यो समय परीक्षाको घडी भएको उल्लेख गरे।

उनले भने, 'यदि हामीले परिणाम दिन सकेनौँ भने समाजमा एउटा घातक भाष्य निर्माण गरिनेछ- 'युवाहरू आलाकाँचा हुन्छन्, अनुभवबिना राजनीति चल्दैन, उमेर नै चाहिन्छ।' यो भाष्यले अर्को युगका युवाहरूलाई नेतृत्वमा आउन रोक्नेछ। हामी इतिहासको यो भारी बोक्न चाहँदैनौँ। त्यसैले हामीले इमानदार भएर कर्मबाटै युवाहरू सक्षम छन् भन्ने प्रमाणित गर्नुपर्नेछ।'

सभापति लामिछानेले रास्वपा अब 'वैकल्पिक शक्ति' मात्र रहेर नपुग्ने भन्दै यसलाई देशको 'निर्विकल्प शक्ति' बनाउनुपर्नेमा जोड दिए।

'हामी विकल्प खोज्न आएका होइनौँ, आफैँ विकल्प बन्न आएका हौँ,' उनले भने, ' यदि हामीले सही बाटो बिरायौँ भने जनताले फेरि अर्को विकल्प खोज्न थाल्नेछन्। त्यसैले हामीले आफूलाई निर्विकल्प प्रमाणित गर्नुपर्छ।'

# सामाजिक सद्भाव, संघीयता सुदृढीकरण र जनप्रतिबद्धता पूरा गर्न सांसदको जोड

काठमाण्डु । सांसदहरूले मुलुकमा सामाजिक सद्भाव कायम, सङ्घीयताको सुदृढीकरण र निर्वाचनमा जनतासामु व्यक्त प्रतिबद्धता पूरा गर्नेतर्फ सरकारका प्रयास केन्द्रित हुनुपर्नेमा जोड दिनुभएको छ। राष्ट्रियसभाको आजको बैठकको विशेष समयमा उहाँहरूले महँगी नियन्त्रण, ग्यासको बिक्री वितरण सहज, कालोबजारी अन्त्य र भूमिसम्बन्धी समस्याको दीर्घकालीन समाधान खोज्न सरकारलाई सुझाव दिनुभयो।



नेपाली काँग्रेसका पदबहादुर परियारले मुलुकमा सामाजिक सद्भाव कायम गर्न सरकार गम्भीर हुनुपर्नेमा जोड दिँदै चुनावका समयमा दिइएका वाचाबमोजिम दलित समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कुनै कार्यक्रम र नीतिगत परिवर्तन ल्याउन सरकारले ध्यान दिन नसकेको गुनासो गर्नुभयो। उहाँले खेलाडीलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा जान प्रोत्सहान गर्न पनि आग्रह गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का सुरेश आलेमगरले सङ्घीयतालाई जनताको मर्म र भावनाअनुसार सञ्चालन गर्न जोड दिँदै सरकारमा रहेका मन्त्रीहरूले विगतका अनुभव र सकारात्मक उपलब्धिलाई पाठका रूपमा लिएर काम गर्नुपर्ने बताउनुभयो।

नेकपा (एमाले) का सम्झना देवकोटाले समाजमा पछिल्लो समयमा देखिएका आत्महत्याका घटना र जनताको सुरक्षाका विषयमा सरकार गम्भीर हुनुपर्ने बताउनुभयो । काँग्रेसका विष्णुदेवी पुडासैनीले समयमा पूर्व सचेतना र संयमता अपनाउन नसक्दा सुनसरी र सिरहामा हिंसात्मक घटनाबाट ज्यानसमेत गएको टिप्पणी गर्नुभयो।

नेकपाका जयन्तीदेवी राईले खाना पकाउने एलपी ग्यासमा भइरहेको कृत्रिम अभाव र कालोबजारी अन्त्य गरी आगामी दिनमा ग्यासको बिक्रीवितरण सहज बनाउने योजना बनाउन सरकारलाई सुझाव दिनुभयो। एमालेका रोश्नी मेचेले सुकुम्बासी र भूमिहीन नागरिकले सरकारबाटअभिभावकत्वखोजिरहको उल्लेख गर्दै उहाँले सुशासन प्रवर्द्धन सम्बन्धमा सरकारको मार्गचित्रबारे आमनागरिकलाई जानकारी दिनु उपयुक्त हुने बताउनुभयो। रासस

# एमाले संसदीय दलका नेताविरुद्ध अविश्वास प्रस्ताव

**टुडे समाचरादाता**

बागमती । नेकपा (एमाले) बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाविरुद्ध अविश्वासको प्रस्ताव पेश गरिएको छ।

एमाले बागमती प्रदेश संसदीय दलको कार्यालयमा बुधबार संसदीय दलका नेता थपलियाविरुद्ध अविश्वास प्रस्ताव दर्ता गरिएको एमालेका एक सांसदले जानकारी दिए। पार्टी नेतृत्वको निर्देशनअनुसार, संसदीय दलको नेता परिवर्तन गर्ने तयारीस्वरूप प्रस्ताव दर्ता गरिएको ती सांसदको भनाइ छ। थपलियालाई हटाएर पूर्व स्वास्थ्यमन्त्री किरण थापालाई संसदीय दलको नेता बनाउने तयारी गरिएको छ। त्यसका लागि एमालेका प्रदेश सभा सदस्यहरूको बहुमतको हस्ताक्षरसमेत संकलन भइसकेको उनले बताए ।

बागमती सरकारबाट समर्थन फिर्ता लिएपछि प्रदेशको सत्ता समीकरण थप जटिल बनेका बेला एमालेले आफ्नै संसदीय दलको नेतृत्व परिवर्तनको प्रक्रिया अघि बढाइएको छ।

# विद्युतीय सवारीका लागि अफ्रिका चिनियाँ कम्पनीको नयाँ गन्तव्य बन्दै

एएफपी। चिनियाँ अटो निर्माता चेरीले दक्षिण अफ्रिकामा निसानको पूर्वकारखाना खरिद गरेपछि अफ्रिकामा विद्युतीय सवारी साधन (इभी) उत्पादनतर्फ चिनियाँ कम्पनीहरूको चासो बढेको देखिएको छ।

चीनमा सवारी साधनको आन्तरिक माग सुस्त हुनुका साथै युरोप र उत्तर अमेरिकामा व्यापारिक अवरोध बढिरहेका बेला चिनियाँ अटोमेकरले अफ्रिकालाई नयाँ बजारका रूपमा हेर्न थालेका हुन् । विश्लेषकका अनुसार स्थानीय उत्पादनले रोजगारी सिर्जना, आपूर्ति शृङ्खलाको विकास र विद्युतीय सवारीको प्रयोग विस्तारमा योगदान पुर्याउन सक्छ। यद्यपि कमजोर पूर्वाधार र नीतिगत अनिश्चितता प्रमुख चुनौतीका रूपमा रहेका छन्।



जुलाईमा चीनको सबैभन्दा ठूलो अटो निर्यातकर्ता चेरीले दक्षिण अफ्रिकाको प्रिटोरियानजिकै रहेको निसानको पूर्वरोस्लिन कारखाना खरिद गरेको थियो। चेरीले उक्त कारखानामा आफ्नो जेटोर ब्रान्डअन्तर्गत प्लग-इन हाइब्रिड तथा ब्याट्रीबाट चल्ने विद्युतीय सवारी उत्पादन गर्ने योजना बनाएको छ।

यो कदम अफ्रिकी उपभोक्ताको नजिकै सवारी उत्पादन गर्ने चिनियाँ कम्पनीको बढ्दो रणनीतिको हिस्सा हो । यसअघि बेइजिङ अटोमोटिभ ग्रुप (बीएआइसी)ले दक्षिण अफ्रिकाको ग्केबेरामा उत्पादन तथा एसेम्बली सुविधा सञ्चालन गर्दै आएको छ भने ग्रेट वाल मोटरले पनि स्थानीय एसेम्बली र पार्टपुर्जा आपूर्ति गर्दै आएको छ।

दिगो यातायात प्रवर्द्धन गर्ने दक्षिण अफ्रिकी संस्था 'द इलेक्ट्रिक मिसन'का कार्यकारी निर्देशक हितेन परमारले अफ्रिका अटोमोबाइल बजारका लागि नयाँ सम्भावनायुक्त क्षेत्र बन्दै गएको बताउनुभयो।

विश्लेषकका अनुसार दक्षिण अफ्रिका, मोरक्को, केन्या, इथियोपिया र घाना चिनियाँ इभी लगानीका लागि बढी सम्भावना भएका देश हुन्। औद्योगिक क्षमता, अनुकूल सरकारी नीति र विस्तार भइरहेको विद्युत् पूर्वाधारका कारण यी मुलुकले लगानी आकर्षित गर्न सक्ने उनीहरूको भनाइ छ । मोरक्कोले युरोपेली बजारको निकटताबाट लाभ लिन सक्छ भने जिम्बाब्वेको ठूलो लिथियम भण्डारले ब्याट्री आपूर्ति शृङ्खलालाई सहयोग पुर्याउन सक्छ।

स्थानीय उत्पादन बढेमा आयात शुल्क घट्नुका साथै चार्जिङ पूर्वाधार, पार्टपुर्जा उत्पादन र ब्याट्री उद्योगमा लगानी बढ्न सक्ने विश्लेषकको भनाइ छ। मोरक्कोमा अफ्रिकाकै पहिलो ठूलो क्षमताको ब्याट्री कारखाना निर्माण गर्ने योजना अघि बढाइएको छ।

तीव्र शहरीकरण, बढ्दो आम्दानी र चिनियाँ ब्रान्डका तुलनात्मक रूपमा सस्ता सवारी साधनका कारण अफ्रिकामा चिनियाँ अटोमेकरको बजार विस्तार भइरहेको छ। यसअघि युरोपेली, जापानी र अमेरिकी कम्पनीको वर्चस्व रहेको अफ्रिकी बजारमा चिनियाँ ब्रान्डले आफ्नो उपस्थिति बढाइरहेका छन्।

'जिरो कार्बन एनालिटिक्स'का ऊर्जा रूपान्तरण अनुसन्धान विश्लेषक निक हेडलीले अफ्रिकाको बढ्दो जनसङ्ख्या र विस्तार हुँदै गएको मध्यम वर्गले किफायती विद्युतीय सवारीका लागि ठूलो बजार सिर्जना गर्ने बताउनुभयो। स्थानीय रूपमा विद्युतीय सवारीको प्रयोग बढाउँदा आयातित इन्धनमाथिको निर्भरता घटाउन सहयोग पुग्ने उहाँको भनाइ छ।

'क्रसबाउन्डरी इनर्जी'का प्रबन्ध निर्देशक टोम्बो बान्डाका अनुसार चिनियाँ कारखानाले आन्तरिक बजारको मागभन्दा बढी सवारी उत्पादन गरिरहेका छन् भने निर्यातमा पनि विभिन्न अवरोध बढिरहेका छन्। त्यसैले अफ्रिकामै उत्पादन केन्द्र स्थापना गर्नु चिनियाँ कम्पनीका लागि दीर्घकालीन लगानीको विकल्प बन्न सक्ने उहाँले बताउनुभयो।

### सरकारी नीतिले ईभी उत्पादनलाई प्रोत्साहन

अफ्रिकी मुलुकले ऊर्जा सुरक्षा र इन्धन आयात घटाउने उद्देश्यले यातायातसम्बन्धी नीति परिवर्तन गर्न थालेका छन्। अफ्रिकी सङ्घले अपनाएको 'हरित खनिज रणनीति'ले महत्वपूर्ण खनिजको स्थानीय प्रशोधनलाई प्राथमिकता दिएको छ, जसबाट विद्युतीय सवारीको ब्याट्री उत्पादनका लागि आवश्यक कच्चा पदार्थ उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

इथियोपियाले जीवाश्म इन्धनबाट चल्ने सवारी साधनको आयातमा प्रतिबन्ध लगाउँदै स्वदेशमै एसेम्बल गरिएका विद्युतीय सवारीमा कम आयात शुल्क लगाएर स्थानीय उत्पादनलाई प्रोत्साहन गरेको छ।

दक्षिण अफ्रिकाले भने विद्युतीय तथा हाइड्रोजनबाट चल्ने सवारी उत्पादनमा लगानी आकर्षित गर्न भन्सार छुट, उत्पादनमा आधारित कर सहुलियत, प्रत्यक्ष नगद लगानी र कर छुटलगायतका प्रोत्साहन उपलब्ध गराउँदै आएको छ।

परमारका अनुसार चिनियाँ तथा अन्य एसियाली अटोमेकरको रणनीतिमा उल्लेखनीय परिवर्तन आएको छ। उनीहरू सवारी आयातमा मात्र निर्भर नरही स्थानीय एसेम्बली र उत्पादनतर्फ अघि बढिरहेका छन्।

बान्डाले अफ्रिका अब आयातित सवारी साधनको बजारमा मात्र सीमित नरही उत्पादन केन्द्रका रूपमा विकास हुने सम्भावना रहेको बताउनुभयो । उहाँका अनुसार अफ्रिकी बजारमा दीर्घकालीन पहुँच चाहने कम्पनीले स्थानीयस्तरमै उत्पादन र मूल्य अभिवृद्धि गर्नुपर्नेछ।

### दक्षिण अफ्रिका अग्रस्थानमा

दक्षिण अफ्रिकासँग स्थापित सवारी उत्पादन उद्योग, दक्ष जनशक्ति र निर्यात बजार भएकाले विद्युतीय सवारी उत्पादन विस्तारका लागि ऊ अग्रस्थानमा रहेको बान्डाको भनाइ छ।

रोस्लिनजस्ता विद्यमान कारखानालाई नयाँ प्रविधिअनुसार परिमार्जन गर्न सकिने भएकाले नयाँ कारखाना निर्माणभन्दा कम समय र लगानीमा उत्पादन सुरु गर्न सकिने उहाँले बताउनुभयो।

यद्यपि, पेट्रोल तथा डिजेलबाट चल्ने सवारी उत्पादनका लागि बनाइएका कारखानालाई विद्युतीय सवारी उत्पादनमा रूपान्तरण गर्नु जटिल हुने उहाँले बताउनुभयो। लगानी आकर्षित गर्न कर, भन्सार तथा औद्योगिक नीतिमा दीर्घकालीन स्थिरता आवश्यक पर्ने उहाँको भनाइ छ।

भरपर्दो विद्युत् आपूर्ति र पर्याप्त चार्जिङ पूर्वाधारबिना विद्युतीय सवारीको विस्तार कठिन हुने बान्डाले बताउनुभयो। उहाँका अनुसार ईभी उत्पादन र प्रयोग विस्तारका लागि स्वच्छ, भरपर्दो तथा किफायती विद्युत् र पर्याप्त चार्जिङ संरचना आवश्यक छ।

# मदन भण्डारी कप अन्तराष्ट्रिय भलिबल असोजमा हुने

टुडे समाचारदाता

बुटवल । बुटवलमा अन्तराष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगिता आयोजना हुने भएको छ।




साउन २५ र २६ गते मदन भण्डारी स्पोर्टस एकेडेमीको बुटवलमा बसेको ११ औ पूर्ण बैठकले मदन भण्डारी कप अन्तरर्ाष्ट्रिय आमन्त्रित रनिङशिल्ड पुरुष भलिबल प्रतियोगिता-२०८३ गर्ने निर्णय गरेको क्लबले जनाएको छ।

प्रतियोगिता असोज १२ देखि १७ गतेसम्म गर्ने जनाएको छ । बुटवल मण्डपमा हुने प्रतियोगितामा नेपालका ३ सहित भारत, चीन, पाकिस्तान, श्रीलंका, बंगलादेशबाट टोली सहभागिता गराउने निर्णय गर्दै तयारी अगाडि बढाएको एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले बताए।

'नेपालमै पहिलोपटक यो स्तरको भलिबल हुन लागेको छ 'उनको दाबी छ। यसअघि क्लबले इण्डो नेपाल भलिबल प्रतियोगिता सम्पन्न गरेको थियो। यसपटक थप परिमार्जित गर्दै प्रतियोगिताको दोस्रो संस्करणलाई अन्तर्राष्ट्रिय स्तरको गर्न लागेको आचार्यले बताए।

प्रतियोगिताको उपाधि विजेताले उपाधिसहित ७ लाख रुपैयाँ प्राप्त गर्नेछ। प्रतियोगिताको दोस्रो ३ लाख ५० हजार र तेस्रो टोलीले १ लाख ७५ हजार रुपैयाँ प्राप्त गर्नेछ। चौथो टोलीके ७५ हजार रुपैयाँ प्राप्त गर्नेछ।

सर्वोत्कृष्ट खेलाडीले १५ हजार रुपैया, उत्कृष्ट स्पाइकर, सेटर, सर्वर, कोच, बल्कर, डिफेन्सले समान ८ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

प्रतियोगितामा करिब १ सय २८ खेलाडी र १ सय ५० अफिसियल सहभागी हुने प्रतियोगितामा १ करोड १८ लाख रुपैयाँ खर्च हुने अनुमान आयोजकले गरेको छ।

बैठकबाट एकेडेमीको प्रदेश संरचनालाई प्रभावकारी र सक्रिय बनाउने निर्णय गर्दै केन्द्रिय कमिटिमा फेरबदल गरिएको छ।

जसअनुसार वरिष्ठ उपाध्यक्ष मोहन रेग्मी, उपाध्यक्ष झक बहादुर मिदुन, महासचिव मदन उप्रेती, उपमहासचिव चन्द्र बदना राई, राम बहादुर केसी, सचिव उदय अर्याल, निलम बज्राचार्य, बिनोद आचार्य, नन्दु काउचा, कोषाध्यक्ष कमल ढकालको जिम्मेवारी दिइएको छ।

यसैगरि सदस्यहरुमा सिरिशा कार्की (रुपन्देही), अमरावती राना (सुदुरपश्चिम), राजिव राना, शिवराज राना (सुदुरपश्चिम), ऋषिराम गौतम (गण्डकी), अनन्त श्रेष्ठ (गण्डकी) र राजेश महतो (मधेश प्रदेश) लाई जिम्मेवारी प्रदान गरिएको बताइएको छ।

यसैगरि कोशी प्रदेशको संयोजक उदय कुमार अर्याल, मधेशप्रदेश अध्यक्षमा रबिन्द्र राज भण्डारी, बागमती प्रदेश राम बहादुर केसी, लुम्बिनी प्रदेश संयोजक बुद्धि बस्याल, गण्डकी प्रदेशको अध्यक्ष गिरमान गुरुङ, कर्णाली प्रदेशका अध्यक्ष गोपाल बहादुर शाही र सुदुरपश्चिम प्रदेशका संयोजक ज्ञानुराज दगौरालाई जिम्मेवारी दिइएको आयोजकले जनाएको छ।

# जपानमा 'नागोया वुमेन्स म्याराथन २०२७' हुने



टुडे समाचारदाता

काठमाण्डु । जापानमा आयोजना हुन लागेको विश्वकै सबैभन्दा ठूलो महिला मात्र सहभागी हुने म्याराथन ' नागोया वुमेन्स म्याराथन २०२७' मा नेपाली महिला धाविकाले पनि सहभागिता जनाउन पाउने भएका छन् । प्रतियोगिताको अन्तर्राष्ट्रिय सहभागिताका लागि आवेदन मंगलबारदेखि खुला भएको छ।

गिनिज वर्ल्ड रेकर्डबाट विश्वकै ठूलो 'अल-वुमन म्याराथन'का रूपमा प्रमाणित नागोया वुमेन्स म्याराथन आगामी मार्च १४ जापानको आइची प्रान्तस्थित नागोयामा आयोजना हुँदैछ।

विश्व एथलेटिक्सको ' प्लाटिनम लेबल रोड रेस'समेत रहेको प्रतियोगितामा विश्वस्तरीय धाविकासँगै पहिलोपटक म्याराथन दौडनेदेखि व्यक्तिगत उत्कृष्ट समयकोलक्ष्यराख्नेधाविकासम्मले सहभागिता जनाउनेछन्।

आयोजकले सन् २०२७ का लागि प्रतियोगिताको क्षमता २ हजारले बढाएर २२ हजार धाविका पुर्याएको जनाएको छ। ४२.१९५ किलोमिटरको एउटै दूरीमा १९ वर्षदेखि ८० वर्ष उमेर समूहसम्मका महिलाले आफ्नै लक्ष्यसहित दौडनेछन्।

नागोया वुमेन्स म्याराथनको विशेष आकर्षणमध्ये हरेक ' फिनिसर'ले पाउने विशेष पुरस्कार पनि हो। दौड पूरा गर्ने प्रत्येक धाविकालाई फ्रान्सेली लक्जरी ब्रान्ड बाकारातले प्रतियोगिताका लागि तयार पारेको विशेष क्रिस्टल टम्बलर प्रदान गरिन्छ । सन् २०२७ को टम्बलरको डिजाइन भने दौडको अघिल्लो दिन आयोजना हुने म्याराथन एक्स्पोमा सार्वजनिक गरिनेछ।

प्रतियोगिताले महिला धाविकालाई सुरक्षित र सहज वातावरण उपलब्ध गराउने उद्देश्यले पर्याप्त चिकित्सकीय सहायता, ठूलो संख्यामा सफा शौचालय र फराकिलो चेन्जिङ सुविधाको व्यवस्था गर्दै आएको छ।

७ घण्टाको समयसीमा, तुलनात्मक रूपमा समथर दौडमार्ग तथा एउटै स्थानबाट सुरु र समाप्त हुने व्यवस्थाले नयाँ धाविकालाई समेत सहज बनाउने आयोजकको भनाइ छ।

दौडको सुरुआत र समापन भेन्टेलिन डोम नागोयामा हुनेछ। यो ढाकिएको बेसबल रंगशाला भएकाले मौसम प्रतिकूल भए पनि धाविकालाई केही हदसम्म सुरक्षित वातावरण उपलब्ध हुन्छ। सन् २०२६ को संस्करणमा ९६.६ प्रतिशत सहभागीले दौड पूरा गरेका थिए।

म्याराथन सप्ताहन्तमा धाविकासँगै परिवार तथा समर्थकका लागि पनि विभिन्न कार्यक्रम आयोजना हुनेछन्। शुक्रबारदेखि शुरु हुने म्याराथन एक्स्पोमा 'गो रनवे' फेसन शो तथा लोकप्रिय गायक-गायिकाको विशेष प्रस्तुति लगायतका कार्यक्रम हुनेछन्।

महिलाका लागि मुख्य म्याराथन आयोजना भइरहँदा पुरुष धावकलाई पनि सोही दिन हुने नागोया सिटी म्याराथनमा सहभागी हुने अवसर छ । पुरुषसहित अन्य इच्छुक धावकले हाफ म्याराथन वा ८.५ किलोमिटरको नागोया रनमा भाग लिन सक्नेछन्।

अन्तर्राष्ट्रिय प्रवेशका लागि शुल्क र समय

नागोया वुमेन्स म्याराथन २०२७ को अन्तर्राष्ट्रिय प्रवेशका लागि प्रारम्भिक आवेदन अगस्ट ११ देखि २४ सम्म खुला रहनेछ। प्रारम्भिक प्रवेश शुल्क २४ हजार जापानी येन तोकिएको छ।

नियमित आवेदन अगस्ट २५ देखि सेप्टेम्बर २३ सम्म खुला रहनेछ, जसको शुल्क २५ हजार येन हुनेछ। दुवै शुल्कमा अतिरिक्त प्रशोधन शुल्क लाग्नेछ।

अन्तर्राष्ट्रिय धाविकाका लागि ३ हजार ५ सय स्थान छुट्याइएको छ। आवेदन 'पहिलो आउनेलाई पहिलो प्राथमिकता'का आधारमा स्वीकार गरिनेछ।

त्यसैगरी नागोया सिटी म्याराथनका लागि अन्तर्राष्ट्रिय आवेदन पनि अगस्ट ११ देखि सेप्टेम्बर २३ सम्म खुला रहनेछ।

हाफ म्याराथनको शुल्क १७ हजार येन र ८.५ किलोमिटरको नागोया रनको शुल्क १३ हजार येन तोकिएको छ। हाफ म्याराथनमा ३ सय र नागोया रनमा १ सय अन्तरर्ाष्ट्रिय धावकका लागि स्थान उपलब्ध गराइएको छ।

आयोजकका अनुसार नागोया वुमेन्स म्याराथन महिला धाविकाका लागि पहिलोपटक म्याराथन दौडनेदेखि विश्वस्तरीय प्रतिस्पर्धासम्मको साझा मञ्चका रूपमा विकास हुँदै आएको छ।

नेपाली महिला धाविकाका लागि पनि अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी हुँदै नयाँ अनुभव र व्यक्तिगत लक्ष्य हासिल गर्ने अवसरका रूपमा यसलाई लिन सकिनेछ।

# प्राकृतिक वनस्पति घट्दा ब्राजिलमा एल निनोको प्रभाव बढ्ने जोखिम



एएफपी । ब्राजिलले पछिल्ला चार दशकमा फ्रान्सको क्षेत्रफलभन्दा दोब्बरबढी प्राकृतिक वनस्पति गुमाएको छ । प्राकृतिक वनस्पति घट्दा एल निनोका कारण हुने खडेरी, बाढी र डढेलोजस्ता चरम मौसमी घटनाको प्रभाव बढ्न सक्ने बुधबार सार्वजनिक अध्ययनले देखाएको छ।

जुनमा पुष्टि भएको एल निनो वर्षको अन्त्यतिर थप तीव्र हुने अनुमान गरिएको छ। यसका कारण ब्राजिलका विभिन्न क्षेत्रमा चरम मौसमको जोखिम बढ्ने अपेक्षा गरिएको छ।

वातावरणीय अनुगमन संस्था म्यापबायोमासले आफ्नो वार्षिक भूमि उपयोगसम्बन्धी अध्ययनमा चार दशकअघि ब्राजिलको कुल भू-भागको ७९ प्रतिशत हिस्सा प्राकृतिक वनस्पतिले ढाकेकोमा अहिले यो घटेर ६५ प्रतिशतमा सीमित भएको जनाएको छ।

प्राकृतिक वनस्पति विनाशको सबैभन्दा ठूलो प्रभाव अमेजन वर्षावन र जैविक विविधताका लागि महत्वपूर्ण सेराडो सवानामा परेको छ। वन तथा अन्य प्राकृतिक क्षेत्रको ठूलो हिस्सा कृषि र पशुपालनका लागि प्रयोग गरिएको छ।

अध्ययनअनुसार सन् १९८५ मा ब्राजिलको कुल भू-भागको १८ प्रतिशत हिस्सा कृषि तथा पशुपालनमा प्रयोग भएकामा अहिले यो बढेर ३२ प्रतिशत पुगेको छ।

म्यापबायोमासको अध्ययनले एल निनोका समयमा प्राकृतिक वनस्पति हटाएर कृषि तथा पशुपालनमा प्रयोग गरिएका क्षेत्रमा मौसमी चरम घटनाको प्रभाव बढी देखिएको जनाएको छ।

म्यापबायोमासका महासंयोजक टासो अजेभेडोले सन् २०२३-२०२४ को एल निनोका क्रममा अमेजनमा वन फँडानी गरिएका क्षेत्रमा प्राकृतिक वन क्षेत्रको तुलनामा वर्षाको कमी बढी देखिएको बताउनुभयो।

यसैबीच, ब्राजिलको दक्षिणी घाँसे मैदानमा प्राकृतिक वनस्पति हटाएर कृषि क्षेत्रमा परिणत गरिएका स्थानमा प्राकृतिक वनस्पति रहेको क्षेत्रको तुलनामा बढी वर्षा भएको पाइएको छ।

दक्षिणी राज्य रियो ग्रान्डे डो सुलले सन् २०२४ मा ठूलो बाढीको सामना गरेको थियो। उक्त बाढीमा करिब २०० जनाको मृत्यु भएको थियो।

"भूमि उपयोगको ढाँचाले एल निनो आफैँलाई परिवर्तन गर्दैन, तर यसले त्यसको प्रभावलाई परिवर्तन गर्न सक्छ," अजेभेडोले भन्नुभयो।

उहाँका अनुसार भूमि उपयोगसम्बन्धी निर्णयले जलवायुजन्य जोखिमको स्तर तथा देशका विभिन्न क्षेत्रमा यस्ता घटनाको प्रभावको तीव्रता निर्धारण गर्न सक्छ।

अध्ययनले कृषि क्षेत्रमा एल निनोको प्रभाव किन बढी देखिन्छ भन्ने विषयमा स्पष्ट निष्कर्ष नदिए पनि अमेजनमा वन विनाशले वाष्पीकरण र स्थानीय वायुमण्डलमा आर्द्रता घटाउने, तापक्रम बढाउने तथा वर्षा कम गर्ने सम्भावना रहेको अजेभेडोले बताउनुभयो।

गत महिना ब्राजिल सरकारले यस वर्ष 'अत्यन्त शक्तिशाली एल निनो'को सम्भावना रहेको चेतावनी दिएको थियो । प्रशान्त महासागरको समुद्री सतहको तापक्रम औसतभन्दा करिब दुई डिग्री सेल्सियससम्म बढी हुन सक्ने अनुमान गरिएको छ।

समुद्री सतहको तापक्रममा हुने यस्तो वृद्धि विश्वका विभिन्न क्षेत्रमा मौसमको ढाँचामा उल्लेखनीय परिवर्तन ल्याउन सक्ने विज्ञले बताएका छन्।

ब्राजिलियन कृषि तथा पशुधन महासङ्घ (सीएनए)ले पनि शक्तिशाली एल निनोका कारण कफी, सोयाबिन र उखुजस्ता प्रमुख कृषि बाली प्रभावित हुन सक्ने चेतावनी दिएको छ।

# लाल सागरमा यमनी जहाजमा हुथी आक्रमण, छ जनाको मृत्यु

एएफपी। लाल सागरको बाब अल-मन्डेब स्ट्रेटमा व्यापारिक यमनी जहाजमा हुथी विद्रोहीहरूले गरेको मिसाइल आक्रमणकमा कम्तिमा छ जनाको मृत्यु भएको यमन सरकारले जनाएको छ।

यमन सरकारको यातायात मन्त्रालयका अनुसार हुथी विद्रोहिरूले खाना ढुवानी गर्ने सानो मालवाहक जहाज तिहामामा तिनवटा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेका थिए।

ब्यालेस्टिक क्षेप्यास्त्र रहेको पुष्टि गरेको छ।

प्रारम्भिक समयमा यमनी अधिकारीहरू र समुद्री गुप्तचर समूह मारिस्कले पहिलो पटक साउदीको स्वामित्वमा रहेको जहाजमा आक्रमण भएको रिपोर्ट गरेका थिए। यद्यपि, मरीन ट्राफिकको तथ्याङ्कले तिहामाह तान्जानियामा यात्रा गरिरहेको र इजिप्ट र यमनमा दर्ता भएका कम्पनीहरूको स्वामित्वमा रहेको जहाजमा आक्रमण भएको जनाइएको छ।

यसैबीच, पाकिस्तान, टर्की र साउदी अरबबिच भर्खरै



आक्रमणले आगलागी निम्त्याए पछि चारजना चालक दलका सदस्य, तीनजना पाकिस्तानी नागरिक र एकजना इन्डोनेसियाली नागरिक र अन्य चारजना चालक दलका सदस्यहरुका साथै एक जना उद्धारकर्मी घाइते भएको मन्त्रालयलाई उदृत गर्दै सिएनएनले जनाएको छ।

अनुसन्धान र उद्धार अभियान सुरु भए पछि पनि हुथीहरूले दोस्रो पटक जहाजमा प्रहार गरेर उद्धार टोलीसहित जहाजमा रहेका यात्रुहरुको जीवन खतरामा पार्नेसमेत प्रयास गरेको जनाइएको छ।

यमनको तटरक्षकले मृतक मध्ये दुई जना उद्धारकर्मीहरुसमेत

घोषणा गरिएको मक्का संयुक्त रक्षा सम्झौता यमनका इरान समर्थित हुथी विद्रोहीहरूले जाजानको अरामको प्रशोदन केन्द्रमा आक्रमण गरेपछि असफल भएको जनाइएको छ।

सादा र हजाह प्रान्तहरूमा साउदी ड्रोन अपरेसनको बदलामा हुथी समूहले प्रती आक्रमणमा प्रशोदन सुविधा लक्षित गरेको कारण जाजानको अरामको प्रशोदन केन्द्रमा आइतबार आगलागी सुरु भएको हुथी सैन्य प्रवक्ता याह्या सारीले बताउनुभएको छ।

साउदी अरबको ऊर्जा मन्त्रालयले पछि आगलागीको पुष्टि गर्दै यसलाई नियन्त्रणमा लिएको बताएको छ।

# ‘अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्रको व्यवस्थापनको जिम्मा प्रदेश मातहतमा हुनुपर्छ’



पोखरा । गण्डकी प्रदेश सरकारले विकास निर्माण र अधिकार क्षेत्रमा देखिएका विभिन्न १६ कानुनी तथा प्रशासनिक जटिलता हटाउन सङ्घीय सरकारको ध्यानाकर्षण गराउने भएको छ ।

प्रदेश विकास समस्या समाधान समितिको १५औँबैठकले विभिन्न १६ समस्या राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गर्ने निर्णय गरेको हो । मंगबार बसेको सो बैठकले मुख्यतया कर प्रणाली, प्राकृतिक स्रोतको बाँडफाँट र प्रशासनिक क्षेत्राधिकारका विषयलाई प्राथमिकतामा राखेको छ। बैठकमा सङ्घीयता कार्यान्वयनमा देखिएका व्यावहारिक गाँठो फुकाउन केन्द्र सरकारसँग माग गर्ने निर्णय भएको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जानकारी दिनुभयो ।

बैठकले कृषि आयमा कर लगाउने संवैधानिक अधिकार स्पष्ट पार्न सङ्घीय सरकारसँग माग गर्ने निर्णय गरेको छ। कृषि फार्महरूमार्फत कर उठाउँदा सृजना भएको अन्योल हटाउन नीतिगत स्पष्टता आवश्यक रहेको उहाँले बताउनुभयो । त्यस्तै सवारी जरिवानाबापतको रकम हाल सङ्घीय सञ्चित कोषमा जम्मा हुने गरेको छ । त्यसलाई प्रदेश सञ्चित कोषमा ल्याउन र प्रहरी कार्यालयमार्फत हुने असुलीलाई प्रदेशमातहत ल्याउन कानुनी व्यवस्था मिलाउनुपर्ने माग अघि सारिएको छ । सरकारी कामकाजमा प्रयोग हुने जिआइओएमएस, टिएसए र आरएमआइएसजस्ता विद्युतीय प्रणालीलाई समयसापेक्ष परिमार्जन र सुदृढीकरण गर्नुपर्ने विषयलाई पनि कार्ययोजनामा राखिएको छ ।

ढुङ्गा, गिट्टी र बालुवा जस्ता नदीजन्य सामग्रीको बिक्रीबाट प्राप्त हुने राजस्व बाँडफाँटमा देखिएको विवाद सुल्झाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) संशोधनको प्रस्ताव गरिएको छ। सडक पूर्वाधार निर्माणका क्रममा आसपासका जग्गाबाट निकालिने सामग्रीको रोयल्टी प्रदेश कानुनबमोजिम हुनुपर्ने माग गरिएको छ।

यसका लागि सार्वजनिक सडक ऐन, २०३१ मा परिमार्जन गर्नुपर्ने बैठकको निष्कर्ष छ। “सडक र वन ऐनबीच तालमेल नमिल्दा विकासका काम रोकिएका छन्, यसलाई राष्ट्रिय समन्वय परिषद्मा लैजानेछौँ”, मुख्यमन्त्री पाण्डेले भन्नुभयो।

गण्डकी प्रदेशले आफ्नो क्षेत्रभित्र पर्ने अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्रको व्यवस्थापन जिम्मा आफैँले पाउनुपर्ने माग पुनः दोहोर्‍याएको छ । यसअघि पटक-पटक आग्रह गर्दा पनि निर्णय नभएकाले यसपटक एकीकृत सहव्यवस्थापनको स्पष्ट मोडालिटीसहित अधिकार हस्तान्तरणका लागि अनुरोध गर्ने निर्णय भएको छ । सामुदायिक वनबाट प्राप्त हुने आम्दानीको हिस्सा प्रदेश सञ्चित कोषमा दाखिला गर्ने सम्बन्धमा सङ्घीय र प्रदेश ऐनबीचको विरोधाभास अन्त्य गर्नुपर्ने विषयलाई प्राथमिकता दिइएको छ।

सञ्चार क्षेत्रमा देखिएको दोहोरो झन्झट हटाउन प्रदेशबाटै अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण गर्ने व्यवस्था मिलाउन पनि सङ्घ सरकारसँग माग गर्ने निर्णय भएको छ। यसका लागि सङ्घीय नीतिगत अवरोध हटाउनका लागि राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गर्ने निर्णय गरिएको मुख्यमन्त्री पाण्डेले जानकारी दिनुभयो। यातायाततर्फ अन्तर-प्रदेश रुट इजाजत दिने अधिकार प्रदेश मातहतका कार्यालयलाई प्रत्यायोजन गर्नुपर्ने विषय पनि सङ्घलाई बुझाउने निर्णय गरिएको उहाँले बताउनुभयो। रासस

# कृषि केन्द्रीय संघ, साना किसान विकास लघुवित्त र डिडिसीबीच त्रिपक्षीय सम्झौता

काठमाण्डु । नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ, साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र दुग्ध विकास संस्थानबीच दूध खरिदबिक्री गर्नेबारे त्रिपक्षीय सम्झौता सम्पन्न भएको छ।

दुग्ध विकास संस्थान लैनचौरमा आज भएको उक्त सम्झौता अनुसार आगामी भदौ १ गतेदेखि केन्द्रीय सङ्घ र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका साझेदार दुग्ध उत्पादक सहकारी संस्था एवं सदस्य किसानले १५ हजार दूध दैनिक डिडिसीलाई उपलब्ध गराउने भएको हो । सम्झौताअनुसार आगामी दिनमा दैनिक ६० लिटर दूध डिडिसीलाई साझेदार संस्था एवं सदस्य किसानले डिडिसीलाई प्रदान गर्ने उल्लेख छ। डिडिसीले यी दुई संस्थाका सञ्जालमार्फत यसअघि दूध लिएर तिर्न बाँकी रकम आगामी एक महिनाभित्र भुक्तान गरिसक्नुपर्ने, दूधको मात्रा र गुणस्तर सुरुआती सङ्कलन केन्द्रमा मापन गर्दाकै कायम हुनुपर्ने तथा दूधको कन्भर्जको व्यवस्था गर्नुपर्ने सम्झौतामा उल्लेख गरिएको छ।



सम्झौतापछि संस्थानका महाप्रबन्धक डा सरनकुमार पाण्डेले दुग्ध क्षेत्रको विकास प्रवर्द्धन गर्न यो सम्झौता कोशेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले सहकारीको मूलमर्मलाई स्थापित गर्न साना किसान कृषि सहकारी संस्थाहरूले गरेको योगदान प्रति प्रशंसा गर्दै यस सञ्जालसँग जोडिएर डिडिसीले काम गर्न पाउँदा खुसी व्यक्त गर्नुभयो । उहाँले दुग्ध सङ्कलन र बजारीकरण मात्र नभई पशुपालन तथा दुग्ध उत्पादनको बहुआयामिक क्षेत्रमा काम गर्ने स्पष्ट पार्नुभयो।

डिडिसीमा विगतदेखिका भुक्तानीलगायतका समस्याहरू अब नदोहोरीने भन्दै महाप्रबन्धक पाण्डेले नियमित भुक्तानीको ग्यारेन्टी गरेरै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। साझा प्रयास र पहलबाट मात्र समृद्धि सम्भव रहेको भन्दै उहाँले यस सम्झौताले यी सबै बाटो खुलेको बताउनुभयो। किसानको जीवनस्तर सुधारसँगै आर्थिक सामाजिक रूपान्तरणमा सुधार ल्याउन सके समग्र अर्थतन्त्रमा सुधार गर्न सकिने बताउनुभयो।

यसैगरी साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका अध्यक्ष खेमबहादुर पाठकले किसानको आयआर्जन बढाउने, उत्पादन बढाउने र आत्मनिर्भता बढाउने कार्यमा यो सम्झौताबाट सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले सरकारले अगाडि बढाएका नीति तथा कार्यक्रममा विगतका वर्षहरूदेखीनै आफूहरूले साथ सहयोग दिँदै अगाडि बढेको भन्दै यो सम्झौताले सहकार्यको अर्को ढोका खोलेको बताउनुभयो।

अध्यक्ष पाठकले प्रधानमन्त्री वालेन्द्र शाहको समेत प्राथमिकतामा परेको डिडिसीलाई माथि उठाउन किसानतहबाटै सबैको साथ सहयोग आवश्यक रहेको बताउनुभयो । उहाँले दूधमा देशलाई आत्मनिर्भर बनाउने बाटोमा अगाडि बढ्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो । डिडिसीप्रतिको विगतको धारणा बदल्दै सुधारको सुरुआत भइसकेको प्रष्ट देखिसकिएको उहाँले अब नयाँ पहलमा दुग्ध उत्पादक किसानहरू ढुक्क भएर यस अभियानमा जोडिन आग्रह गर्नुभयो । उहाँले कहीँकतै कुनै कमीकमजोरी भएको देखे तत्काल सुधारका लागि सुझाव दिन सबैलाई अनुरोध गर्नुभयो।

यसैगरी नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ लिमिटेडका अध्यक्ष एकराज उप्रेतीले डिडिसीसँग भएको सम्झौता नेपाली दुग्ध उत्पादक किसानका लागि ऐतिहासिक दिन भएको उल्लेख गर्नुभयो । उहाँले सबै किसानको जीवनमा आर्थिक रूपमा सवलता ल्याई मुहारमा खुसी थप्दै जान यस सम्झौताबाट सहयोग पुग्ने स्पष्ट पार्नुभयो । अहिले केन्द्रीय सङ्घको सञ्जालमा रहेका संस्थाहरूले दैनिक ४७ हजार लिटर दूध उत्पादन गर्दै आएको उल्लेख गर्दै उहाँले उत्पादनलाई बढावा दिँदै जाने विषयमा समेत यस सम्झौताले प्रेरणा थप्ने बताउनुभयो । अहिले तत्कालका लागि १५ हजार लिटर दूध डिडिसीलाई दिने सम्झौता भएको भन्दै अध्यक्ष उप्रेतीले दूध बेचेको पैसा समयमै प्राप्त गर्ने सुनिश्चितता हुने कुरामा आफू विश्वस्त रहेको बताउनुभयो।

सम्झौतामा नेपाल कृषि सहकारी केन्द्रीय सङ्घ लिमिटेडका महाप्रबन्धक डा रुद्रबहादुर श्रेष्ठ, साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत वासु अधिकारी, दुग्ध विकास संस्थानका महाप्रबन्धक डा सरनकुमार पाण्डेले हस्ताक्षर गर्नुभएको थियो । सम्झौता कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका नायब प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराई, वरिष्ठ प्रबन्धक दीपाकर रूपाखेती, डिडिसीका उपमहाप्रबन्धकलगायतको उपस्थिति रहेको थियो। रासस

## नगदेबालीतर्फ किसानको आकर्षण

इलाम। इलाममा यस वर्षको मुख्य बाली धानको रोपाइँ अन्तिम चरणमा पुगेको छ। कृषि ज्ञान केन्द्र इलामको तथ्याङ्कअनुसार यही साउन २६ गतेसम्म जिल्लाभर कूल धान रोप्नयोग्य क्षेत्रफलको ९५ प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको हो।

समयमै मनसुन सक्रिया हुँदा यस वर्षको रोपाइँ पनि उत्साहजनक देखिएको छ। यसले उत्पादनमा सकरात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ। अघिल्लो वर्ष पनि यो समयमा ९५ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको कृषि ज्ञान केन्द्र इलामका सूचना अधिकारी प्रदीप लुइँटेलले जानकारी दिनुभयो।

यस वर्ष जिल्लाभरको कूल ११ हजार ६२ दशमलव ६४ हेक्टर धानखेती हुने क्षेत्रफलमध्ये हालसम्म १० हजार ५०९ दशमलव ५१ हेक्टरमा रोपाइँ सकिएको छ। कुलो र नहरको सुविधा भएको, खोला र खोल्सा क्षेत्र छेउछाउमा रहेका खेतमा रोपाइँ सकिएको भए पनि आकाशेपानीकै भर परेर रोपिने ठाउँमा रोपाइँ हुन बाँकी रहेको छ। पछिल्लो समय धान रोप्ने खेत मासेर अदुवा, अलैँचीजस्ता उच्च मूल्यका नगदेबाली लगाउन थालेकाले पनि शतप्रतिशत धान रोपाइँ नहुने सूचना अधिकारी लुइँटेलले बताउनुभयो।

“कतिपय किसानले धान फल्ने खेत मासेर अदुवा, अलैँचीजस्ता उच्च मूल्यका नगदेबाली लगाउन थालेकाले शतप्रतिशत धान रोपाइँ भएको देखिँदैन”, उहाँले भन्नुभयो, “व्यवस्थित सिँचाइ, रोग-किरा, प्राकृतिक प्रकोप, कम उत्पादकत्व, सस्तो बजार मूल्यजस्ता कारण पनि किसानले नगदेबाली लगाउन थालेका छन्।”

मुख्य रुपमा इलामको चुलाचुली गाउँपालिका र माई नगरपालिकामा व्यावसायिक रुपमा धानखेती हुँदै आएको छ। अन्य पालिका माङसेबुङ, फाकफोकथुम, रोङ, माईजोगमाई, सन्दकपुर गाउँपालिका एवं देउमाई, इलाम र सूर्योदय नगरपालिकाका तल्लो क्षेत्रमा समेत धेरथोर धानखेती हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

यहाँका किसानले उन्नत जातको सावित्री, रञ्जितका साथै रैथाने चिराखे, भँगेरे, चुल्ठे, मन्सुली, रामधानलगायत जातका धानखेती गर्ने गरेका छन्। इलाममा ३६ हजार ९३९ दशमलव ८१ मेट्रिक टन धान उत्पादन हुँदै आएको कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ। रासस

# धार्मिक पर्यटनको केन्द्र बन्दै ‘चोङ्सी’ गुफा

काठमाण्डु । मुस्ताङ २७ साउनः धार्मिक तथा पर्यटकीय हिमालपारिको जिल्ला मुस्ताङमा दर्जनौ मानव निर्मित गुफा छन्। त्यस्तै प्राकृतिक रुपमा उत्पत्ति भएको एउटा महत्वपूर्ण गुफा पनि छ यहाँ।

त्यो गुफा उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका-२ स्याङ्वचे गाउँअवस्थित अग्लो पहाडको बीचमा छ। प्राकृतिक रुपमा स्वतः आफैं उत्पत्ति भएरको उक्त गुफा चिउसीअर्थात् चोङ्सी गुफाका नामबाट प्रसिद्धि कमाएको छ।

पवित्र धार्मिक तीर्थस्थल त्यस गुफाको दर्शन गरेमा मोक्ष प्राप्त हुने र दर्शनार्थीलाई परम स्वर्गको अनुभूति हुने भन्ने जनविश्वास छ। जोमसोम-कोरला सडकमार्गबाट तीन किलोमिटर तल रहेको त्यस गुफासंर्‍े आकारको ढुङ्गाबाट प्राकृतिक रुपमा उत्पत्ति भएकाले यसलाई चोङ्सी गुफा भन्ने गरिएको स्थानीयको भनाइ छ।

प्राकृतिक रुपमा उत्पत्ति भएकाले चोङ्सी गुफालाई स्थानीयले चोङ्सी रामजोन समेत भन्ने गरेको पाइन्छ। आठौं शताब्दी ताका गुरु पद्मसम्भवअर्थात् रिन्पोर्छेले तिब्बत जाने क्रममा यहाँको चोङ्सी गुफामा ध्यान तपस्या गरी बसेको भन्ने इतिहास पाइन्छ। गुफाभित्रको चट्टानमा गुरु पद्मसम्भवको पैतालाको छाप समेत रहेको चोङ्सी गुफाका लामा बताउनुहुन्छ।

चोङ्सी गुफा केवल गुफा मात्रै नभई धार्मिक आस्थाको केन्द्र रहेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिङजिन नामगेल गुरुङले उल्लेख गर्नुभयो।

उहाँका अनुसार सडकमार्ग नहुँदा पनि उक्त चोङ्सी गुफामा दर्शन तथा अवलोकन गर्न धार्मिक भक्तजन मात्र पुग्ने गरेकामा पछिल्लो स्वदेशी तथा विदेशी पर्यटक समेत आउने गरेको अध्यक्ष गुरुङले जानकारी दिनुभयो।

त्यस गुफामा गुरु पद्मसम्भवसंग जोडिएका र अन्य धेरै धार्मिक विशेषता अवलोकन गर्न सकिन्छ। गुफाभित्रको पश्चिम भागमा हरित तारा र स्वेत तारा अवस्थित छ। प्राकृतिक रुपमा उत्पत्ति भएकाले स्थानीयले यसलाई ठोम भन्ने गरेको सुनिन्छ। गुफा तीन खण्डमा विभाजित छ । गुफा भित्र बुद्धको चारवटा स्वरुप रहेको वारागुङ मुक्तिक्षेत्रका अध्यक्ष रिनजिन नामगेल गुरुङले जानकारी दिनुभयो। उक्त स्वरुपलाई बुद्धको अवलकेश्वरको रुपमा दर्शन गर्ने परम्परा छ।



त्यस गुफाभित्र दुईवटा छुट्टाछुट्टै चट्टानका थुम्का छन् । गाउँपालिका अध्यक्ष गुरुङका अनुसार उक्त थुम्कालाई एकलाई माउण्ट कैलाश र अर्को थुम्कोलाई आयु देवताको रुपमा पुज्ने गरिएको छ । अध्यक्ष गुरुङका अनुसार माउण्ड कैलाश पहाड तिब्बतमा अवस्थित रहे पनि चोङ्सी गुफामा अवस्थित माउण्ड कैलाश थुम्कोलाई त्यसको एक अंशको रुपमा लिने गरिएको छ । त्यस्तै अर्को थुम्कोलाई आयु देवताको रुपमा पुज्ने गरिएको छ । स्थानीयले गुफा भित्रको आयु थुम्कोलाई ठेगुम भन्ने गरेको पाइन्छ।

गुफाको दोस्रो खण्डको चट्टानी खोपीमा गुरु पद्मसम्भव निकटका देवीदेवताको वासस्थान रहेको जनविश्वास छ । गुफाको दोस्रो खण्डमा पूजाआजा गर्ने ठाउँ छ । गुफाभित्र महाँकाल, नागदेवता र पाप पूण्य मापन गर्ने ठाउँ छन् । गुफामा ठुलो एक ढुङ्गा छ, जसलाई दुई हातले अँगालो हाल्न सक्ने दर्शनार्थीले मातापिताको सेवा गरेको ठहरिने र त्यो नसक्नेले सेवा गर्न नसकेको भन्ने धार्मिक जनविश्वास छ।

बुद्धिसं धार्मिक ग्रन्थहरुमा त्यस गुफाको माथिल्लो भागमा चरा र गुरुडको तिर्थ गर्ने ठाउँ रहेको उल्लेख छ । चरा र गरुड तीर्थ गर्ने ठाउँमा केहीले मात्रै दर्शन गरेको बताइछ । पवित्र जल रहेको गुफामा प्वाल पारिएका छिद्रछिद्र आधा दर्जन बढी प्वाल देख्न सकिन्छ। सोही प्वालमा पवित्र जल भेट्न सकिन्छ । डाडुजस्तो साधन प्रयोग गरी प्वालभित्रबाट उभाउँदा जल प्राप्त गर्न सकिन्छ । त्यहाँका पवित्र जल पिउनाले ग्याष्टिकलगायत पेटसम्बन्धी रोग निको हुने जनविश्वास रहेको छ।रासस


## जानकी ग्लोबल बचत तथा ऋण सहकारी संस्थाको ऋणको सावाँ र ब्याज वुझाउने २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२८ गते

यस जानकी ग्लोबल बचत तथा ऋण सहकारी संस्था लि.जनकपुरधाम-२ वाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न मितिमा ऋण कर्जा लिएकोमा सोको व्याज प्रत्येक महिना वुझाउनु पर्नेमा सो ऋणको सावाँ र ब्याज नबुझाएकोले यस संस्थावाट विभिन्न मितिमा लिखित,मौखित गरी पटक-पटक ताकेता गर्दा पनि आल-टाल, अटेरी र विभिन्न वहाना गरी साँवा र व्याज नवुझाउने गरेको हुदाँ, यस संस्थाको सञ्चालक समितिको मिति २०८३/०४/२० गतेको निर्णय बमोजिम यो सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा २१ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सम्बन्धित ऋणीहरूले आफ्नो बाँकी रहेको ऋणको साँवा तथा ब्याज संस्थामा बुझाई ऋण लिदाँ गर्नु भएको शर्तनामा अनुसार आफ्नो दायित्व पूरा गर्नुहुन अनुरोध गरिन्छ। यदि कुनै कारणवश उक्त अवधिभित्र सम्पूर्ण ऋणको साँवा भुक्तानी गर्न असमर्थ भएमा, कम्तीमा २०८३ आषाढ मसान्त सम्मको ब्याज रकम अनिवार्य रूपमा संस्थामा बुझाई ऋण नियमित (Regular) गर्नुपर्नेछ।

तोकिएको २१ (एक्काइस) दिनको म्यादभित्र ऋणको साँवा तथा ब्याज अथवा सम्पुर्ण व्याज भुक्तानी नगरिएको अवस्थामा, ऋण लिँदा संस्थामा धितो स्वरूप राखिएका घर, घडेरी, जग्गा तथा अन्य सम्पत्ति सहकारी ऐन तथा नियमावली एवम् प्रचलित कानूनबमोजिम लिलाम बिक्री गरी बाँकी रकम असुलउपर गरिने व्यहोरा यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ।

तपसिल

| क्र.सं. | ऋण नं. | ऋणी नाम र बाबु/पती/पत्नीको नाम | ठेगाना | ऋण लिएको मिति | ऋणको सावाँ/व्याज | धितो घर घरेडीको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कित्ता नं. | क्षेत्रफल | स्थान |
| १ | ३१ | पुनम देवी झा<br>पति-प्रदिप झा | जनकपुर-१६, कपिलेश्वर | २०६९।१०।१७ | सावाँ :५,००,०००।-<br>व्यॉंज :४,१९,०९०।- | २६४ | ७२.५०<br>०-०-४-२८ | जनकपुर-१६ |
| २ | ५५ | प्रितम यादव<br>बाबु-प्रभु यादव | बेंगा शिवपुर-१ (जनकपुर-१९) | २०७०।१२।२६ | सावाँ :७,००,०००।-<br>व्यॉंज :८,५५,८७७।- | २५ र २६ | ०-०-१४-०<br>०-०-१२-१ | जनकपुर-१ |
| ३ | १३० | रिना साह<br>पति-दुखरन साह | बेंगा शिवपुर-१ (जनकपुर-१९) | २०७५।०४।२० | सावाँ :७,००,०००।-<br>व्यॉंज :७,५६,१३५।- | १६३७ | ०-०-९-२ | बेंगा शिवपुर-३ |
| ४ | १५० | गौरी शंकर साह हलुवाई<br>बावु-राम चन्द्र साह हलुवाई | जनकपुर -३ | २०७६।०६।०९ | सावाँ :१०,००,०००।-<br>व्यॉंज :८,३५,७४५।- | २०९ | ०-०-४-० | जनकपुर -३ |
| ५ | १७० | राम नारायण दास<br>वावु-राम औतार दास | वसविट्टी-७ (जनकपुर-२२) | २०७९।०३।१५ | सावाँ :९,७८,०००।-<br>व्यॉंज :२,७१,७७८।- | ९२८ | ०-५-८-० | वसविट्टी-१ |
| ६ | १७९ | मकिना खातुन<br>पति-जहरुल कवारी | देवपुरा रुपैठा-८ (जनकपुर-२०) | २०८०।०५।२६ | सावाँ :१०,००,०००।-<br>व्यॉंज :२,६७,६४०।- | १९२१ | ०-०-१०-० | देवपुरारुपैठा-८ |
| ७ | २०२ | हुसेन नदाफ<br>पत्नी-जुमेदा खातुन<br>बाबु-जनिफ नदाफ | देवपुरा रुपैठा-९ (जनकपुर-२०) | २०८१।०५।२४ | सावाँ :७,००,०००।-<br>व्यॉंज :२,५४,३८५।- | ३०४९ | ०-०-५-० | देवपुरारुपैठा-८ |
| ८ | १८६ | रंजना कुमारी झा<br>पति-दिनेश कुमार झा | वलहा सघारा-२ | २०८०।११।२७ | सावाँ :५,००,०००।-<br>व्यॉंज :१,२३,७२५।- | ७३ | ०-०-५-०.५ | जनकपुर -१२ |
| ९ | १९४ | रेखा देवी<br>पति-इन्द्रलाल साह कलवार | हरिहरपुर-१ (क्षिरेश्वरनाथ न.पा.-७) | २०८१।०३।२१ | सावाँ :१०,००,०००।-<br>व्यॉंज :२,२७,६४८।- | ३६९० | ०-०-११-० | हरिहरपुर-१ |

अध्यक्ष

जानकी ग्लोवल बचत तथा ऋण सहकारी संस्था लि.
कदमचौक, जनकपुर - २ (धनुषा)



## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषा
## म्याद तामेली सम्बन्धी ३० (तिस) दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि.धनुषा धनुषाधाम नगरपालिका वार्ड नं.९ मा बस्ने बिर बहादुर गदैलीको बुहारी चक्र बहादुर विश्वकर्माको पत्नी बिन्दा सेनचुरी वादी र जिल्ला धनुषा गा.वि.स. यज्ञभूमि वार्ड नं.९ हाल धनुषाधाम नगरपालिका वार्ड नं.९ ठेगाना भएको कृष्ण बहादुर वाल कामी-१ प्रतिवादी भई कार्यवाहीयुक्त अवस्थामा रहेको मि.नं.९२ डा. मि. २०८३/०२/२० गतेको मरुवा मोही लगत कट्टा मुद्दामा विपक्षी / प्रतिवादीका नाउँमा जारी भएको १५ पन्ध्र दिने सूचना/म्याद बेपत्ते म्याद तामेली भएको हुँदा मिति २०८३/०४/२६ गतेमा प्रतिवादी नाउँको सूचना/ म्याद सरहको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गराई पेश गर्नु भनि भएको आदेशानुसार तपाई प्रतिवादीको नाउँमा यो म्याद सरहको ३० (तिस) दिने सूचना प्रकाशित गर्ने कार्य भएको छ। अतः प्रतिवादी मोही कृष्ण दरलान कामी नाउँको म्याद सरहको यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० (तिस) दिन भित्र आफ्नो लिखित जवाफ/प्रतिउत्तर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम उल्लेखित कित्ता जग्गाको मरुवा मोही लगत कट्टा हुनेछ। पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३० (तिस) दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ।

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | मोहीको नाम थर | ज.ध.को नाम, थर |
|---|---|---|---|---|---|---|---|
| १ | धनुषा | यज्ञभूमि | ९ग | १७३ | ०-१-१३-८ | कृष्ण दरलान कामी | बिन्दा सेनचुरी |



## भूमि प्रशासन कार्यालय जनकपुरधाम, धनुषा
## हकदाबि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा निवेदक जिल्ला धनुषा गा.वि.स कजरा रमौल वडा नं. १ हाल धनुषाधाम न.पा. वडा नं.१ मा बस्ने शंकर मंडल केबटको नाती सिताराम मंडल केवटको छोरा गंगा मंडल-१, जिल्ला धनुषा गा.वि.स. धनुषा गोविन्दपुर वडा नं. ४ हाल धनुषाधाम न.पा.वडा नं.१ मा बस्ने ऐ.को नाती सिताराम मंडल केबटको छोरा विजय मंडल केवट-१ समेतले अर्जा मंडल केवटिनको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा गा.वि.स. कजरा ’रमौल वडा नं. ७क कि.नं.२२३. ऐ.वडा नं.८क कि.नं.३२५, ऐ.ऐ.कि.नं.९६७ र ऐ.ऐ.कि.नं.९६९ समेत जग्गा संयुक्त नामसारी, गरी पाउँ भनी द.नं. २७२१८ मिति २०७५/०२/२४ को माग निवेदन। निवेदक जिल्ला धनुषा गा.वि.स कजरा रमौल वडा नं. ७ हाल धनुषाधाम ने.पा.वडा नं.१ मा बस्ने शंकर मंडल केवटको नाती सिताराम मंडल केवटको छोरा विजय मंडल केवटको हकमा निजको श्रीमति वर्ष ३५ की राम कुमारी मण्डलले वादी राम कुमारी मण्डल र प्रतिवादी कमलेश मण्डल समेत भएको मुद्दा नं.०७७-CP-१७३९ को अंशदर्ता मुद्दामा धनुषा जिल्ला अदालतबाट मिति २०७७/११/२८ मा भएको मिलापत्र बमोजिम कि.नं. २२३ मध्ये ०-०-७, कि.नं.३२५ मध्ये ०-०-११. कि.नं.९६९ मध्ये ०-०-०-१२ र कि.नं.९६७ मध्ये ०-०-१४-८ जग्गा दा. खा.गरि पाउँ भनी द.नं.९४६२ मिति २०७८/७/७ को माग निवेदन। निवेदक जिल्ला धनुषा गा.वि.स. झटियाही वडा नं.१ हाल परिवर्तित धनुषाधाम न.पा.वडा नं.१ मा बस्ने विजय मंडल केबटको श्रीमति वर्ष ३५ की राम कुमारी मण्डलले वादी जय प्रकाश यादव प्रतिवादी गंगा मंडल केवट भएको विगो लगत नं.६३२ को मुद्दामा मिति २०७९/१०/०३ गतेमा डाँक बढाबढ हुँदा कि.नं.२२३ मध्ये ०-०-९, कि.नं.९६७ मध्ये ०-०-१४-८, कि.नं.९६९ मध्ये ०-०-०-१२ र कि.नं.९६७ मध्ये ०-२-११ जग्गा डाँक लिलाम सकार गरिलिएको हुँदा दा.खा.दर्ता गरि पाउँ भनी द.नं.१८५५ मिति २०८२/५/२ को माग निवेदन।

माथि उल्लेखित माग निवेदन बमोजिम उक्त जग्गाको मोठ रोक्का भिडाउँदा अर्जा मण्डल केवटीनको नाउँमा कि.नं.२२३. ३२५, ९६७, ९६९ को मोठ कायम छ। मिति २०६७/१/५ र मिति २०७५/०२/२५ मा नामसारीको लागि मोठ भिडेको, मिति २०७८/०७/०७, मिति २०७८/१०/२५ मा दा.खा.को लागि मोठ भिडेको भनी लेखि आएकोले नामसारी भिडेको र दा. खा. भिडेको सम्बन्धमा निवेदकसंग मिसिल माग गर्दा मिति २०७५/०२/२५ मा नामसारी भिडेको मिसिल मात्र पेश गरेकोले अन्य नामसारी र दा. खा. भिडेको हकमा ३५ दिने, सार्वजनिक सूचना प्रकाशन गर्ने भनी मिति २०८३/०४/२६ को आदेशानुसार यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। यसमा निवेदकको माग दावी अनुसारको दा.खा.दर्ता गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउँदा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदक वाहेक अन्य कोही व्यक्तिको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफु संग भएको सबुत प्रमाण लिई दावि उजुरी गर्न यस कार्यालमा आउनु होला। सूचनाको म्याद भित्र दावी उजूरी नपरी म्याद समाप्त भएमा कानुन बमोजिम भई जाने व्यहोरा यसै सुचनावाट सबैमा सुचित गरिएको छ।

# मधेसमा विद्युत् प्रसारण संरचना निर्माण अन्तिम चरणमा



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेस प्रदेशमा बढ्दो विद्युत् मागलाई दीर्घकालीन रूपमा सम्बोधन गर्ने उद्देश्यले प्रसारण लाइन र सबस्टेसन निर्माण कार्य तिव्रगतिमा अघि बढाइएको छ।

ऊर्जामन्त्री विराजभक्त श्रेष्ठका अनुसार मधेसमा विद्युत् आपूर्ति सुधार गर्ने लक्ष्यसहित अघि बढाइएका विभिन्न प्रसारण लाइन तथा सबस्टेसन आयोजना अहिले निर्माण तथा पूर्वनिर्माणका अन्तिम चरणमा छन्।

मधेसमा निर्माणाधीन महत्त्वपूर्ण आयोजनामध्ये ढल्केबर-बालगंगा १३२ केभी प्रसारण लाइन तथा सबस्टेसन आयोजना एक हो । करिब २४ किलोमिटर लामो डबल सर्किट १३२ केभी प्रसारण लाइन नो-लोड अवस्थामा सफलतापूर्वक चार्ज भइसकेको छ।

बालगंगा सबस्टेसनमा भने सिभिल निर्माण तथा उपकरण जडानको काम तीव्र गतिमा भइरहेको छ । मन्त्रालयले दसैंअघि नै आयोजना सञ्चालनमा ल्याउने लक्ष्य राखेको छ।

हंसपुर नगरपालिका-९ मा निर्माण भइरहेको सबस्टेसनमा ६३ एमभीए क्षमताको १३२/३३ केभी सबस्टेसन रहने छ। करिब २ अर्ब १३ करोड ६० लाख रुपैयाँ लागत अनुमान गरिएको आयोजना अन्तर्गत ढल्केबर-लोहारपट्टी १३२ केभी लाइनको टावर नम्बर ३० बाट प्रसारण लाइन निकालेर बालगंगा सबस्टेसनमा जोडिने छ।

सबस्टेसनका पावर ट्रान्सफर्मर सहित अधिकांश प्रमुख उपकरण आयोजना स्थल पुगिसकेका छन् । सिभिल निर्माण अन्तिम चरणमा पुगेको छ भने उपकरण जडानको काम भइरहेको छ। कन्ट्रोल रुम र कर्मचारी आवास भवन निर्माण पनि अन्तिम चरणमा छन्।

मधेसको विद्युत् प्रणालीमा ३३ केभी र ११ केभी वितरण लाइनमा बढ्दो भार प्रमुख चुनौतीका रूपमा देखिएको छ। विशेषगरी सिरहा र सप्तरीका ग्रामीण तथा औद्योगिक क्षेत्रमा विद्युत् माग बढ्दै गएपछि विद्यमान वितरण संरचनाले भविष्यको माग धान्न कठिन हुने अवस्था छ।

यसलाई सम्बोधन गर्न लहान-सुखीपुर १३२ केभी प्रसारण लाइन आयोजना अघि बढाइएको छ । लहान सबस्टेसनदेखि सुखीपुरमा प्रस्तावित १३२/३३/११ केभी सबस्टेसनसम्म करिब १७ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण भइरहेको छ।

सुखीपुर सबस्टेसनमा ६३ एमभीएका दुई र २४ एमभीएको एक ट्रान्सफर्मर जडान गरिने छ। लहान सबस्टेसनमा पनि दुइटा १३२ केभी लाइन बे थपिनेछन् । करिब १ अर्ब ५३ करोड लागत अनुमान गरिएको आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययन सम्पन्न भइसकेको छ। सुखीपुर सबस्टेसनको सीमा पर्खाल निर्माण तथा निर्माण अनुमतिपत्र प्राप्त भइसकेको छ।

प्रसारण लाइनका टावर निर्माणका लागि आवश्यक जग्गा अधिग्रहण अन्तिम चरणमा पुगेको छ। निर्माण व्यवसायीले २४ महिनाभित्र प्रसारण लाइन निर्माण, परीक्षण तथा सञ्चालनमा ल्याउने गरी काम सुरु गरिसकेको प्राधिकरणले जनाएको छ । बाँकी जग्गा अधिग्रहण आगामी भदौसम्म सम्पन्न गर्ने लक्ष्य छ।

सप्तरीमा विद्युत् माग र औद्योगिक सम्भावना ध्यान दिँदै रुपनी-बोदेबरसाइन १३२ केभी प्रसारण लाइन आयोजना अघि बढाइएको छ । करिब १८ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरी बोदेबरसाइनमा १३२/३३/११ केभी सबस्टेसन स्थापना गर्ने योजना छ।

प्रस्तावित सबस्टेसनमा ३० एमभीएका दुई र २४ एमभीएको एक ट्रान्सफर्मर रहनेछन् । रुपनी सबस्टेसनमा दुइटा १३२ केभी लाइन बे थपिनेछन् । आयोजनाको अनुमानित लागत करिब १ अर्ब ५६ करोड छ । अध्ययनका काम सम्पन्न भइसकेका छन् भने सबस्टेसनको सीमा पर्खाल निर्माण र निर्माण अनुमतिपत्र प्राप्त भइसकेको छ। लागत अनुमान स्वीकृत भइसकेकाले बोलपत्र सम्बन्धी कागजात तयार गर्ने प्रक्रिया अघि बढाइएको छ।

रौतहटमा चन्द्रपुर-सरुअठा १३२ केभी प्रसारण लाइन आयोजना मार्फत मध्य तथा दक्षिणी क्षेत्रको विद्युत् आपूर्ति सुधार गर्ने तयारी छ । चन्द्रनिगाहपुरस्थित विद्यमान सबस्टेसनदेखि यमुनामाई गाउँपालिका-४ सरुअठामा प्रस्तावित सबस्टेसनसम्म करिब ३७ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरिने छ।

सरुअठामा १३२/३३/११ केभी सबस्टेसन निर्माण गरी ६३ एमभीएका दुइटा १३२/३३ केभी तथा २४ एमभीएका दुइटा ३३/११ केभी ट्रान्सफर्मर जडान गर्ने योजना छ । प्रसारण लाइन निर्माण भएपछि गौर, मनपुर, सिम्रौनगढ र मौलापुर क्षेत्रका वितरण केन्द्रमा विद्युत् आपूर्ति थप भरपर्दो हुने अपेक्षा गरिएको छ।

आयोजनाको करिब ७ किलोमिटर प्रसारण लाइन राष्ट्रिय वन क्षेत्र हुँदै जाने भएकाले वन क्षेत्रको स्वीकृति तथा टावरका लागि जग्गा अधिग्रहणको काम भइरहेको छ । विस्तृत सम्भाव्यता तथा वातावरणीय अध्ययन, सबस्टेसनका लागि जग्गा अधिग्रहण, सीमा पर्खाल र सुरक्षा भवन निर्माण लगायत अधिकांश पूर्वनिर्माणका काम भने सम्पन्न भइसकेका छन्।

प्रसारण लाइनको चेक सर्भे, टावर प्रोफाइलिङ, पेगिङ, पिट मार्किङ तथा कित्ता नक्सासम्बन्धी काम पनि पूरा भएको छ। करिब ९३ करोड ८२ लाख ४० हजार रुपैयाँमा गत जुलाईमा निर्माण व्यवसायीसँग सम्झौता भएको आयोजनाको निर्माण अवधि ३० महिना तोकिएको छ। सरुअठा सबस्टेसनका लागि खरिद प्रक्रिया पनि अघि बढिरहेको छ।

औद्योगिक करिडोरका रूपमा विकसित बारा-पर्सामा विद्युत् माग तीव्र बढिरहेका बेला हेटौंडा-परवानीपुर-पोखरिया १३२ केभी प्रसारण लाइन आयोजनालाई पनि प्राथमिकतामा राखिएको छ।

आयोजना अन्तर्गत परवानीपुरदेखि पोखरियासम्म २१.२१ किलोमिटर लामो १३२ केभी चार सर्किट प्रसारण लाइन निर्माण गरिने छ । पोखरियामा नयाँ १३२/३३/११ केभी सबस्टेसन स्थापना तथा परवानीपुर सबस्टेसनमा बे विस्तार गरिने छ।

पोखरिया सबस्टेसनमा कन्ट्रोल रुम, कर्मचारी आवास, स्टोर, गार्ड हाउस तथा उपकरण र ट्रान्सफर्मर फाउन्डेसन निर्माण भइरहेका छन् । बोलपत्र प्रक्रिया सम्पन्न गरी चिनियाँ कम्पनीसँग निर्माण सम्झौता भइसकेको प्राधिकरणले जनाएको छ । आयोजना सन् २०२७ सेप्टेम्बरसम्म सम्पन्न गर्ने लक्ष्य छ।

# गृहमन्त्रीसँगको भेटघाटमा प्रहरी समायोजन बारे छलफल



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश प्रहरी समायोजन, गठन र व्यवस्थापन बारे मधेश प्रदेशका गृहमन्त्री फकिरा महतोले प्रदेशमा अहिलेसम्म तयार पारिएका ऐन, विधेयकमस्यौदार नियमसहितका दस्तावेज संघीय गृहमन्त्री सुदन गुरुङलाई बुझाएको भोली पल्टै बुधवार मुख्यमन्त्री कृष्ण प्रसाद यादवले पनि भेटघाट गरेका छन्।

मुख्यमन्त्री यादवले संविधानले प्रदान गरेको अधिकार अनुसार छिटो भन्दा छिटो प्रहरी समायोजन प्रक्रिया अगाडी बढाई दिनका लागि आग्रह गरेको उनका सचिवालयले जनाएको छ।

सचिवालय दिएको जानकारी अनुसार जनकपुरधाममा सम्माननीय प्रधानमन्त्रीले चुनावको समयमा व्यक्त गरेको अभिव्यक्ति अनुसार प्रादेशिक संरचनालाई बलियो बनाउनका लागि प्रहरी समायोजन सहितका अन्य कामकाज गरिदिनका लागि उनले आग्रह गरेका थिए।

यसका साथै बैठकमा मधेश प्रदेशको शान्ति सुरक्षा सहितको विविध पक्षहरू बारे पनि मुख्यमन्त्री यादवले संघीय गृहमन्त्री गुरुङसँग भेटघाटमा छलफल गरेका हुन्।

गृह मन्त्रालय सिंहदरबारमा भएको भेटघाटमा पछिल्लो समयमा मधेशको शान्ति सुरक्षाको अवस्था सहितका अन्य समसामयिक विषयहरूमा छलफल गर्नुका साथै प्रदेशमा स्थिरता तथा विकासका लागि पनि निजामती सम्बन्धि ऐनको प्रभावकारी कार्यान्वयनका गर्न संघ सरकारले सहयोग गर्न समेत आग्रह गरिएको हो।

प्रहरी समयोजन बारे प्रक्रिया अगाडि बढाई दिन संघीय गृहमन्त्रीलाई प्रदेशले अहिलेसम्म गरेको तयारीसहितको कानूनी दस्तावेज बुझाइसकेको भन्दै गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतालेले यदि प्रक्रिया अघि बढाइएन भने प्रदेश सरकारले प्रहरी भर्नाका लागि बजेट छुटयाई सकेछ सोही अनुसार अघि बढनेछ।

मधेश प्रदेश सरकारले प्रदेश प्रहरी भर्नाका लागि चालु आर्थिक वर्षमा करिब ३ अर्ब रकम विनियोजन गरिसकिएको जानकारी संघीय गृहमन्त्री गुरुङलाई जानकारी गराई संघीय सरकार चासो नलिए प्रदेश आफ्नो तरिकाले अघि बढने समेत भनिएको उनले बताए।

# भारतीय महाबाणिज्य दुतावासद्धारा 'वन्दे मातरम्' दिवस मनाइयो

**टुडे समाचारदाता**

वीरगञ्ज । भारतको स्वतन्त्रता संग्राममा ऊर्जा, उत्साह र राष्ट्रभावना जगाउन महत्वपूर्ण भूमिका खेलेको प्रसिद्ध राष्ट्रिय गीत 'वन्दे मातरम्' रचना भएको १५० वर्ष पुगेको अवसरमा वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले विविध सांस्कृतिक कार्यक्रम आयोजना गरी मनाएको छ।




कार्यक्रममा वीरगंजका विभिन्न विद्यालयका विद्यार्थीहरूले 'वन्दे मातरम्' लगायत देशभक्तिपूर्ण गीत तथा नृत्य विभिन्न शैली र लयमा प्रस्तुत गरेका थिए । ज्ञानदा, डिएभी र सिद्धार्थलगायत विद्यालयका विद्यार्थीहरूको प्रस्तुति कार्यक्रममा विशेष आकर्षण बनेको थियो । विद्यार्थीहरूले गीत, नृत्य र सांस्कृतिक प्रस्तुतिमार्फत राष्ट्रिय भावना तथा देशभक्तिको सन्देश दिएका थिए।

कार्यक्रममा आर्या शर्मा तथा भोजपुरी गायक सुनील पण्डितले भावपूर्ण एकल गायन प्रस्तुत गरेका थिए। उनीहरूको प्रस्तुतिले कार्यक्रमलाई थप रोचक र संगीतमय बनाएको थियो । सहभागी दर्शकले कलाकार तथा विद्यार्थीहरूको प्रस्तुतिलाई उत्साहपूर्वक स्वागत गरेका थिए।

कार्यक्रममा भारतीय महावाणिज्यदूत देवीसहाय मीणाले 'वन्दे मातरम्'को ऐतिहासिक महत्व र भारतको स्वतन्त्रता संग्राममा यसले खेलेको भूमिकाबारे प्रकाश पारेका थिए। कार्यक्रमको सहजीकरण कन्सुल मनीष कुमारले गरेका थिए।

प्रसिद्ध भारतीय लेखक तथा कवि बंकिमचन्द्र चटर्जीले रचना गरेको 'वन्दे मातरम्' पछि उनको चर्चित उपन्यास 'आनन्दमठ'मा समावेश गरिएको थियो। उक्त गीतले तत्कालीन भारतमा राष्ट्रिय चेतना अभिवृद्धि गर्न तथा स्वतन्त्रता आन्दोलनमा जनमानसलाई जोड्न महत्वपूर्ण भूमिका निर्वाह गरेको मानिन्छ।

भारतमा सिपाही विद्रोह असफल भएपछि अंग्रेज शासनविरुद्धको संघर्षलाई व्यापक र प्रभावकारी बनाउन समाजका सबै वर्गको सहभागिता आवश्यक रहेको निष्कर्ष स्वतन्त्रता सङ्ग्रामका अगुवाहरूले निकालेका थिए। त्यसक्रममा साधु-सन्न्यासीसहित समाजका विभिन्न वर्ग आन्दोलनमा सहभागी भएका थिए। यही सन्न्यासी विद्रोहको पृष्ठभूमि र जनताको प्रतिरोधी चेतनालाई अभिव्यक्त गर्ने क्रममा 'वन्दे मातरम्'लाई 'आनन्दमठ'मा समावेश गरिएको बताइन्छ।

राष्ट्र, मातृभूमि र स्वतन्त्रताको भावनालाई सशक्त रूपमा अभिव्यक्त गर्ने भएकाले 'वन्दे मातरम्' भारतको स्वतन्त्रता आन्दोलनको महत्वपूर्ण प्रतीकका रूपमा स्थापित भएको हो । वीरगंजमा आयोजित कार्यक्रमले गीतको ऐतिहासिक पृष्ठभूमिसँगै नेपाल-भारतबीचको सांस्कृतिक सम्बन्ध र साझा सामाजिक-सांस्कृतिक सम्पर्कलाई समेत उजागर गरेको आयोजकहरूको भनाइ थियो।

# गर्मी बढेपछि बिहानदेखि विद्यालय सञ्चालन

**टुडे समाचारदाता**

लहान । गत केही दिनदेखि अत्यधिक बढेको गर्मीका कारण विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर पर्न थालेपछि सिरहा नगरपालिका र वीरगञ्ज महानगरपालिकाले नगर क्षेत्रभित्रका विद्यालयमा बिहानको समयमा मात्रै कक्षा सञ्चालन गर्न निर्देशन दिएको छ।

सिरहा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले बुधबार सूचना जारी गर्दै साउन २८ गतेदेखि भदौ ८ गते सोमबारसम्म बिहान ६ बजेदेखि ११ बजेसम्म मात्र कक्षा सञ्चालन गर्न सबै विद्यालयलाई निर्देशन दिएको हो।

नगरपालिकाअन्तर्गत सञ्चालित सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयमा यो व्यवस्था लागू हुने शिक्षा अधिकृत वीरेन्द्रकुमार यादवद्वारा जारी सूचनामा उल्लेख छ।

अत्यधिक गर्मीका कारण विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर पर्ने क्रम बढ्दै गएको भन्दै नगरपालिकाले विद्यार्थीको स्वास्थ्यलाई ध्यानमा राखेर विद्यालयको समय परिवर्तन गर्ने निर्णय गरेको जनाएको छ।

नगरपालिकाले भदौ ९ गते मंगलबारदेखि भने पूर्वनिर्धारित समयअनुसार नियमित रूपमा कक्षा सञ्चालन गर्न सबै विद्यालयलाई निर्देशन दिएको छ। गर्मीका कारण विशेषगरी दिउँसोको समयमा विद्यार्थीलाई विद्यालय आवतजावत तथा कक्षाकोठामा बस्न समस्या भइरहेका बेला नगरपालिकाले अस्थायी रूपमा बिहानको समय निर्धारण गरेको हो।

यस्तै वीरगञ्ज महानगरपालिकाले महानगर क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयमा बिहानको सत्रमा मात्रै कक्षा सञ्चालन गर्न निर्देशन दिएको छ।

महानगरपालिकाले बुधबार सूचना जारी गर्दै विद्यार्थीको स्वास्थ्यलाई मध्यनजर गरी २०८३ साल साउन २८ र २९ गते विद्यालयको कक्षा बिहान ६ बजेदेखि ९:३० बजेसम्म सञ्चालन गर्न निर्देशन दिएको हो। वीरगन्ज महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयले महानगरभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयलाई उक्त समयमा अनिवार्य रूपमा कक्षा सञ्चालन गर्न आग्रह गरेको छ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८